# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



## गुरु पूर्णिमा

वर्ष- १४ अंक- ३ वार्षिक रू. ३५/- मूल्य रू. ४/-

Downloaded from http://www.dhamma.digital

सम्पादकीय–

# धर्मचक्र दिवस

बुद्ध जीवनीमा घटेका विभिन्न महत्वपूर्ण घटनाहरूमध्ये एउटा घटना "बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभएको आषाढ पूर्णिमाको दिन" पनि हो। यसरी बुद्धले धर्मचक्र प्रवर्तन नगर्नु भएको भए बुद्ध जीवनी त्यति महत्वपूर्ण हुने थिएन होला। बुद्धत्व प्राप्त गर्नु भएपछि आफूले प्राप्त गर्नुभएको अमूल्य ज्ञानलाई जनमानसमा प्रचार गरूँ या नगरूँ भन्ने विषयमा बुद्धलाई अन्तरद्वन्द्व भएको थियो। किनभने संसारका धेरैजसो जनताहरू आफ्नै दैनिक समस्याहरूमा अल्झँदै राग, लोभ र द्वेषले आफ्नो मन दुषित पार्दै मोहमा भुलेर मुढा जस्तो भई तृष्णाको जालमा फँसिराखेका थिए। बुद्धले बोध गर्नुभएका चतुआर्य सत्य र दुःखबाट मुक्त गराउन सक्ने आर्यअष्टाङ्गिक मार्ग जस्ता अमूल्य शिक्षाहरू ज्यादै गम्भीर र गहन भएर त्यति सुबोध नभएकोले ती साधारण बुद्धि भएका व्यक्तिहरूले यस शिक्षालाई बुझेर व्यवहारमा उतार्न त्यति सजिलो नहुने कुरा बुद्धलाई राम्ररी थाहा थियो।

यी समस्याहरूलाई दृष्टिगत गर्नुहुँदै बुद्धले आफूले प्राप्त गर्नुभएको अमूल्य ज्ञान वा धर्मलाई ती अबोध जनताहरू बीच प्रचार नगर्ने निर्णय लिनुभयो। तर यस निर्णयलाई पनि उहाँले ठीक ठान्नु भएन र आफूले आफैलाई यसरी अति दिन थाल्नुभयो– "बहुजन हितार्थ दरबार त्यागी आएर अहिले मेरै मनमा किन यस्तो निराशापन र पलायनवादी आइराखेको होला। संसारमा सबै व्यक्तिहरू नै मूर्ख त अवश्य पनि होइनन् होला। कोही न कोही त सचेत बुद्धि भएका र बुझ्न सक्ने क्षमता भएका मानिसहरू पनि त होलान् नि।" यति विचार गर्नुहुँदै आशावादी भई बोधिज्ञान लाभ गर्नुभन्दा पहिले उहाँसँग तपस्या गर्दा सहभागी बनेका पाँच जवान ब्राह्मणहरू सम्झनु भयो। उनीहरू त्यसवेला सारनाथमा थिए। हुनत उनीहरू पूर्वाग्रही नै भएपनि उनीहरूमा ज्ञानको मूल फुट्न सक्ने सम्भावना देख्नुभयो। त्यसैले उनीहरूलाई आफूले प्राप्त गर्नुभएको ज्ञान वा धर्मको सन्देश सुनाउने ईच्छा गर्नु भई उनीहरूबाट शिक्षा प्रचार हुन सक्ने आशा लिनुभयो।

बुद्धले आषाढ पूर्णिमाको दिन चलाउनु भएको धर्मचक्र प्रवर्तनको सार यसरी थियो– "सुख सुविधा र विलासिता जीवन निर्वाह गर्नु र आफ्नो शरीरलाई अति कष्ट दिई जीवन निर्वाह गर्नु यी दुबै अति मार्गहरू हुन्। यी दुबैलाई छोडी मध्यम मार्गलाई अपनाउनु पर्छ।" दुःखबाट मुक्त हुनको लागि धन सम्पत्तिमा आशक्त हुनु हुँदैन र अति तृष्णाबाट मुक्त हुनुपर्छ। बुद्धले पैसा कमाउनुलाई नराम्रो दृष्टिले हेर्नु भएको छैन। उहाँले भन्नुभएको छ– "गृहस्थी व्यक्तिहरूले खूब मेहनत गरी कमाउनु पर्छ र यसरी मेहनत गरी पसिना काढी कमाएको धनलाई सदुपयोग पनि गर्न जान्नु पर्छ। कमाउने भन्दैमा कालोबजारी गरेर कमाउन खोज्नु इमान्दारी होइन। मानिसमा परस्पर सेवाभाव हुनुपर्छ।"

यसरी २५ सय वर्ष पूर्व बुद्धले दिनुभएको उपदेश भवचक्रमा भुलिरहेको साधारण दिमाग भएका व्यक्तिहरूलाई पच्न सजिलो थिएन। फलस्वरूप अहिलेसम्म धेरैजसो बुद्ध अनुयायीहरू बुद्धको धर्मचक्रलाई मान्यता भने दिन जान्छन् तर तिनीहरू आफु भवचक्रबाट मुक्त हुने प्रयास भने गर्न सकिराखेको देखिदैनन्। तर जे होस्, हामीले आशावादी भई अज्ञानीवस विलासी जीवन र कष्टमय जीवनमा भुलिरहेका अतिमार्गीहरूलाई चेतना दिलाउनका लागि धर्मचक्र दिवस मनाऔं। आफूले पनि यस दिवसको महिमा बुझौं र अरूलाई पनि बुझाउने प्रयास गरौं भन्ने धर्मकीर्तिको कामना छ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित

व्यवस्थापक
चिनीकाजी महर्जन

ने० सं० १११६

सम्पादक
अ. वीर्यवती

बु० सं० २५४०

प्रधान सम्पादक
भिक्षु अश्वघोष
फोन– २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
अनगारिका धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययनगोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
काठमाडौं
फोन : २२०४६६

पोष्ट बक्स नं. ४९९२

# धर्मकीर्ति

## ( बौद्ध मासिक )

# THE DHARMAKIRTI

JULY 1996

वर्ष–१४ | अंक–३ | असारपुन्ही | असार २०५३




प्रश्न – यो विश्व के ले ढाकिएको छ ?
कसको कारण यो प्रकाशित हुँदैन ?
यसको भूलाइ के हो ?
महाभय के हो ?

उत्तर– यो विश्व अज्ञानताले ढाकिएको छ,
कंजूसी र अल्सी (बेहोश) को कारण यो प्रकाशित हुँदैन,
चाहना र तृष्णा यसको पर्दा हो, भुलाइ हो,
जन्मिरहनु पर्ने दुःख महाभय हो ।

★★★

Downloaded from http://www.dhamma.digital

# कैदीहरूको बदल्दो जीवन शैली

– सुधा पासो

भारतीय जेलमा मनलाई राम्रो र ताकत दिने खालको एक गजबको कसरतले हजारौं कैदीहरूको जीवन शैली बदल्नमा सफल भएको छ। यस कसरतलाई "विपश्यना साधना" भन्दछ। बिपश्यना शब्द पाली भाषाबाट लिएको हो, जसको अर्थ हुन्छ—"मनको खोजी" अर्थात् अन्तर्मुखी हुनु।

तिहाडमा गरिएको यो प्रयोगबाट "फ्रिडम बिहाइण्ड बार्स" नामक किताब लेख्ने तरसेम कुमार भन्दछ कि २२ नवेम्बर १९९३ देखि यस साधनाको शुरुवात भएको थियो। त्यसबेलादेखि अहिलेसम्म तिहाड जेलका ३५२६ जना भन्दा बढी कैदीहरूले १० दिनको विपश्यना साधना कोर्स (विपश्यना मेडिटेशन कोर्स) को सफलतापूर्वक पूरा गरिसकेको छ र तिनीहरूमध्ये कोही पनि यसको असरबाट अलग्गिएको छैन।

एक केटीको अपहरणको सिलसिलामा आफूलाई फसाएको दाबी गर्ने ओम प्रकाश बेर्वा भन्दछ कि उ हमेशा बदला लिने बारेमा सोचिरहन्थ्यो, तर बी. एम. सी. गरेपछि उसको सोच्ने तरिका नै परिवर्तन भयो।

लेजर टेक्नोलोजीमा डिग्री प्राप्त व्यवसायी गुरुदेव सांधा गैर कानूनी तरिकाबाट केनाडा जाने कोशीसमा पक्रेको थियो। उसलाई जेलमा राख्दा मानसिकताले ग्रसित भई जीउन गाह्रो परेको थियो। तर केही खास साधना गरेर सबै तनाव, निराशा र दुःख दर्दको जीन्दगीबाट आफूलाई छुटकारा दिलायो। अहिले उसको शरीर पनि राम्रो भएको छ। जेल ४ का स्थायी विपश्यना केन्द्रमा प्रत्येक महिनामा आयोजित हुने १० दिनको २ नियमित कोर्सको साथै साधना जारी राख्न ईच्छुक कैदीहरूका लागि ३ र १ दिनको लघु कोर्सको पनि शुरुवात गरेको छ।

टाडा अन्तरगतका बन्दी सतीश कुमारले अघिल्लो साल जनवरीमा बी. एम. सी. मा लागी आफ्नो सोचाई-मा परिवर्तन ल्याई चुरोट पिउन छोड्यो र अहिले उ दिनहुँ जेलको एक अलग्ग वार्डमा आफ्ना ३५ जना साथीहरू सहित साधना गर्दछ।

तरसेम कुमार भन्दछ कि १३५ जना कैदीहरू भएको पहिलो समूहमा स्वयम् सेवकहरूको व्यवस्था गर्न मुश्कील भैसकेको छ र बि. आर. आई. का शिक्षकहरूले धारणको शुरुवाट गर्ने बारेमा चर्चा गरेको थियो। यस उद्देश्यका लागि साधना गर्ने कैदीहरूमध्येबाट केही-लाई जयपुर जेलमा ल्याएको थियो, ताकि अरू कैदीहरू-लाई पनि साधनातिर आकर्षित गर्न सकोस्। अहिले बी. एम. सी. मा प्रवेश गर्नेहरूको भीड लागेको छ र जसको लागि ठाउँको व्यवस्था गर्न ठूलो समस्याको सामना गर्नु परिरहेछ।

यो साधना कुनै मानिसको आफ्नो शक्तिको बारेमा जागरुक हुने एक तरिका हो। तरसेम कुमार यो प्रविधिलाई "आफ्नो मनको ईलाज स्वयम् आफै गर्ने तरिका" भन्दछ। वास्तवमा यो प्रविधिले "म" भन्ने भावनालाई जडैदेखि उखेली दिन्छ, जुन सबै ईच्छाहरूको साथसाथै दुश्मनीको जड हो।

अनु. – हेमराज शाक्य, बिराटनगर

---

अरूले के गऱ्यो के गरिरहेछ हेर्नेभन्दा आफूले के गरे र के गरिरहेछ तिर हेर्नु नै बेश छ। – बुद्ध



Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन सुप्रसिद्ध राजबैद्य–जीवक एक चर्चा

– कृष्ण कुमार प्रजापति, नगदेश

वैदिक कालीन सभ्यतामा होस् या बुद्धकालीन सभ्यतामा, तत्तत् समयमा पनि गणिकाहरू थेरथोर मात्रामा थिए। कुनै समयमा तिनीहरूलाई 'अप्सरा' भनिन्थ्यो भने कुनै समयमा राजनर्तकी, गायिका आदि जस्ता गणिकाहरू राजकुलका निमित्त अनिवार्य अंगहरू जस्तै हुँदै आए। यिनीहरूले समय समयमा ती राजाहरू, महासामन्तहरूको राय खुशीबाट उपहार, पुरस्कारहरू पाउँदथे, एवं रितले बेलाबेलामा उपहार, पुरस्कार जस्ता राज्य स्तरबाट वृत्ति पाउने हुँदा उनीहरू वैभवशालिनी हुन्थे।

पालि साहित्यको अध्ययनबाट पनि अवगत हुन आउँछ कि बुद्धकालीन समाजमा पनि गणिका वृत्ति गर्ने धुप्रै वैभवशालीनी नारीहरू थिए। सामाजिक दृष्टिकोणबाट हेय भएता पनि राज्यभरकी सबै सुन्दरी नारीको चयन गरेर राजगणिकाको पद र राजकीय सम्मान वैभव दिइएकोले तथा यिनको दर्शन, स्पर्शन र संगत पाउन अभिजात वर्गका युवकहरू सँधै लालायित हुने भएकोले पनि यस स्थानको महत्व देखिएको थियो। त्यसबेला आ–आफ्नो जनपदमा नगर शोभाको होडबाजीको निमित्त पनि गणिका सुन्दरी नारीहरूलाई राजकीय सम्मान मिलेको, अभिजात वर्गको सौन्दर्योपभोग, सन्तुष्टिको साधन मात्रै नभईकन गायन, वाद्यवादन, नृत्य कलाको संरक्षण गर्ने हेतुले पनि यिनीहरूको सम्मान हुने गर्दथ्यो। त्यसबेलाको मनोरञ्जनको मुख्य साधन पनि गणिकालय नै थियो।

राजगृहका एकजना श्रेष्ठी आफ्नो काम विशेषले वैशाली गएको बेलामा वैशालीकी राजगणिका आम्रपालीको रूप, यौवन, गुण र वैभव देखेर बडो आश्चर्यचकित भएका थिए। त्यहाँको दृश्यावलीबाट मोहित भै, आकर्षित भै राजगृहमा फर्केर गई महाराजा श्रेणीय बिम्बिसारमा "बिन्ति बिसाए", महाराज, वैशाली नगर अत्यन्त समृद्धिशाली सुन्दर र ऐश्वर्ययुक्त छ, त्यहाँ अत्यन्त सुन्दरी गायन, वादन, नृत्यमा विशारदा राजगणिका छिन्, जसको दर्शनाभिलाषी जनसमूहको भिड लाग्छन्, जसको रूप, यौवन र गुणले नगरको शोभा बढेकोमा लिच्छवीहरू गर्व गर्दछन्। हुकुम होस् महाराज! हामी पनि एक पद्मसुन्दरी चयन गरेर राजगणिका पदमा अभिषेक गरौं!" नगर शोभाको होडबाजीको निमित्त प्रस्ताव स्वीकृत भयो।

राजगृह भरका सुन्दरीको चयनमा परम सुन्दरी, रमणीया, सुन्दरी र वर्णकी नवयुवती "सालवती" फेला परिन्। उनलाई मगध राज्यको राजकीय शोभाको निमित्त राजगणिका पदमा विधिवत् अभिषेक गरियो। त्यसरी राजगणिकाको पदमा आसिन हुनु रूपगर्वा नारीको निमित्त प्रतिष्ठायुक्त नै थियो। एकातिर, वैशाली नगरको शोभायुक्त बनेकी वैशाली गणराज्यकी राज्य सुन्दरी राजगणिका आम्रपाली लिच्छवीगणको निमित्त गौरवको विषय बनेकी थिइन् भने अर्कातिर मगधराज्यको राज्य सुन्दरीमा "सालवती" अभिषेक भन्न पुगिन्। अतः उक्त प्रकरणबाट थाहा पाउन सकिन्छ कि त्यसबेला नगर र गणराज्यको शोभाको लागि पनि राजगणिकाको अभिषेक हुन, गर्न होडबाजी चलेको



Downloaded from http://www.dhamma.digital

थियो। उक्त कुराहरू पाली साहित्य र इतिहासको अध्ययनबाट पुष्टि हुन्छ।

महामानव, तथागत बुद्धबाट राजगणिका, वैशाली गणराज्यको सुन्दरी नारी "आम्रपाली" को आतिथ्य सत्कार स्वीकार गर्नु, बुद्धको दर्शनार्थ राजसी ठाँटबाँट साथ कोटीग्राम प्रस्थान गर्नु, आम्रपाली (अम्बपाली) आराम बुद्धलाई दान दिनु आदि घटनाले पनि त्यसबेला राजगणिका पद अनिन्दनीय देखिन्छ।

हुन त त्यसबेलाका सामा, सुलसा, काली जस्ता सामान्य गणिकाहरू समेतले अभिजात वर्ग एवं वैभवशाली पुरुषहरूको संसर्गबाट प्रख्यात र धनी भएकी थिइन्। यिनीहरूले प्रति रात्री एक सहस्र कार्षापण शुल्क लिन्थे भनी अतिशयोक्ति गरिएको पनि देखिन्छ। ती अपत्यारिला कुराहरू भए। किनभने त्यसबेलाका प्रसिद्ध राजगणिका आम्रपालीको एक रात्री शुल्क पचास कार्षापण थियो भने राजगृहका प्रसिद्ध राजगणिकाको एक रात्री शुल्क एकसय कार्षापण थिए।

मगध राज्यको सुन्दरी, प्रसिद्ध राजगणिकाको पदमा विधिवत् अभिषेक भएकी, गरिएकी युवती सुन्दरी नारी—सालवतिको कोखबाट जन्मेका व्यक्ति (बालक) पनि आफ्नो योग्यता र दक्षताले उच्च स्थान, मान प्राप्त गर्न सक्दथ्यो भन्ने सबल प्रमाण र सबुत नै प्रख्यात राजवैद्य "जीवक" को मान्यताले देखाउँदथ्यो। प्रसिद्ध राजवैद्य जीवक राजगृहकी राजगणिका सालवतीको पुत्र भनी कहीं कतै हेला होचो भएन, हेयदृष्टिबाट हेरिएन।

बुद्ध धर्ममा जातपातलाई स्थान दिएको छैन। जात, जाति विशेषलाई भन्दा पनि कर्मलाई अग्रस्थान छ र थियो पनि। महाकवि लक्ष्मी प्रसाद देवकोटाले पनि बुद्ध धर्मको मर्मलाई अंगिकार गरी "मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन" भनी प्रमाणित परिभाषा ओकल्नु भएको थियो। महाकारुणिक तथागत बुद्धले "सुत्तनिपात" को वसलसुत्तमा र वासेट्ठसुत्तमा पाली गाथामा यसरी ओवाद गर्नुभएको छ—

न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो।
कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ॥२७॥
(वसल सुत्त)

न जच्चा ब्राह्मणो होति, न जच्चा होति अब्राह्मणो।
कम्मना ब्राह्मणो होति, कम्मना होति अब्राह्मणो ॥५७॥
कस्सको कम्मना होति, सिप्पिको होति कम्मना।
वाणिजो कम्मना होति, पेस्सिको होति कम्मना ॥५८॥
चोरोपि कम्मना होति, योधाजिवपि कम्मना।
याजको कम्मना होति, राजापि होति कम्मना ॥५९॥
(वासेट्ठ सुत्त)

यसरी सुगत बुद्धले कर्म प्रधानतामा जोड दिनु भएको कथ्यतथ्य पाली साहित्यमा उल्लेख भएका छन्।

बुद्धकालीन सोह्र जनपदमध्ये अस्तित्वमा रहेका सबैजसो जनपदमा जीवक राजवैद्यको प्रख्याति मजबुत थिए। ती सबैजसो जनपद गणराज्यमा राजा, महासामन्त र अभिजात वर्गका मानिसहरूको बिमारीको अवस्थामा मगधराज्यका राजवैद्य जीवकको बोलावट हुन्थ्यो। बिमारीको सूचना र अनुहार हेरेरै औषधोपचार गर्न अति सिपालु वैद्यराजको लोक प्रसिद्धि नहुने त कुरै भएन। जीवक राजवैद्य भनेपछि सबै जनपदमा लोक प्रसिद्ध थिए। अतः एकपल्ट अवन्ती जनपदका राजा प्रद्योतलाई स्वास्थ्यमा केही हैरानी भई बिमार भएपछि जीवक राजवैद्यको बोलावट गर्न पठायो। मगध



Downloaded from http://www.dhamma.digital

गणराज्यका राजवैद्य जीवकलाई राजा प्रद्योतको स्वभाव थाहा थियो । प्रद्योत राजाको रीस एकदम प्रचण्ड थियो रीसमा पनि चण्ड, खुसमा पनि चण्ड भएकोले नै राजा प्रद्योतको नामको अगाडी विशेषण लगाई "चण्ड प्रद्योत" राजा भनि इतिहासमा प्रसिद्ध भए । त्यस्ता रिसाहा राजालाई समेत छकाई औषधोपचार गरी मगध राज्यमा भागी फिरेका घटना पाली इतिहासमा उल्लेख भएका छन् । जीवक वैद्यलाई त्यसवेलाको समाजले हेयदृष्टिबाट हेरिएन राजगणिका पुत्र भनिकन । जहाँ जहाँ बुद्ध धर्मलाई राज धर्मको रूपमा स्वीकारेका छन्, त्यहाँ त्यहाँ जाति विशेषलाई ग्राह्य दिइएका छैनन्, लिएनन्, कर्मलाई अग्रस्थान र पंक्तिमा राखी शिरोधार्य गरेका छन् र थिए भन्ने कुरो पालि साहित्यको अध्ययनबाट अवगत हुने कुरो भयो । उसको कर्म, शील, स्वभाव र सदाचार असल र राम्रा थिए, उनीहरूलाई उच्च सम्मान र आदर गौरव राखेको जताततै आभाष पाउँदछौं । शील, स्वभाव र सदाचार अनि सत्कर्ममा नलागेको व्यक्ति र शक्तिलाई जातैले ब्राह्मण र कुलीन परिवार भएपनि त्यसवेलाका जनपदहरूमा स्थान दिएको इतिहास पाउन कठिन प्रायः नै छ र थियो । मानिस ठूलो (उच्च) र सानो (नीच) हुने उसको आफ्नै स्वभाव, व्यवहार, कर्म, शील र सदाचारबाट नै हो । जात विशेषले होइन । जातिभेद छुवाछुत, जातपात जस्ता दुष्टप्रवृत्तिले मानवताको गाँठो निर्बलियो तुल्याउँछ, मानवताको सम्बन्ध टुटाउँछ, मितेरीको साँघु तोडिन्छ, धसिन्छ । त्यसको विपरिततले सुपरिणाम हात लाग्छ । सुकर्मको फल सुखकर हुन्छ, सद्गति प्राप्त हुन्छ, दुश्कर्मको प्रायश्चितता ढिलो चाँडो भोग्नु पर्ने हुन्छ । यसबाट पार लाग्न सकिन्दैन भोग्नु नै पर्दछ यसैलाई भनिन्छ कर्म विपाकको सिद्धान्त । बुद्ध धर्म एक कर्मवादी सिद्धान्त हो । जस्तो कर्म त्यस्तो फल (As you sow, so you reap !) चाँपको बोटमा आँप फल्दैन । अमलाको बोट उमारेर अम्बाको फलको आशा गर्नु बेकार छ । अर्थ भन्ने हो भने कमसल बीउ बिजनबाट असल फल प्राप्तिको आशा गर्न सकिन्न । असल र राम्रो बीउ बिजन, उर्वरा भूमि र उचित श्रम मल, जल लगानी र प्रयोजनको फल सान्दार (Bumper Harvest) फसल भयो र हुन्छ भनी रहनु पर्ला र ?

त्यसैले जीवक वैद्य एकजना राजगणिकाको कोखबाट जन्मेको भएर पनि, हेय र तुच्छ व्यवहार भएन, गरेन, बल्की उसको शील, स्वभाव र सदाचार अनि लगनशील कर्मले गर्दा मगध राज्यको राजवैद्यमा रूपान्तरण हुन सक्यो र त्यस्तो प्रोत्साहन समेत पायो । उसले गर्दा आफ्नो कुशल योग्यता क्षमतालाई प्रदर्शित गरी लोक प्रसिद्धि हासिल गर्न सफल भए र पाली इतिहासमा जीवक राजवैद्यको छुट्टै पहिचान अंकित भए । जीवक वैद्यबाट सिक्नु भनेको बुद्ध धर्मको मर्मलाई बुझ्नु हो, र त्यसलाई आ-आफ्नो जीवनमा, व्यवहारमा लागु गर्नु हो । मानिस ठूलो विज्ञले हुन्छ, जातले हुँदैन । "जन्मले ब्राह्मण र चण्डाल हुने होइन, कर्मले नै ब्राह्मण र चण्डाल हुने हो ।" भन्ने बुद्धोपदेशलाई मनन गरी आ-आफ्नो जीवन र व्यवहारमा लागु गरौं सही र सम्यक मानव बनौं !

॥ भवतु सब्ब मंगलम् ॥

***

धर्मकार्य गरेर मात्र पुग्दैन, चित्त पनि शुद्ध हुनुपर्छ । – बुद्ध



Downloaded from http://www.dhamma.digital

# बौद्धहरूमा हुनुपर्ने गुणहरू

— भिक्षु अश्वघोष

भगवान् बुद्धका अनुयायीहरूलाई बौद्ध भन्ने गरिन्छ। साधारणतया बुद्धम् शरणम् गच्छामि, धम्मम् शरणम् गच्छामि र संघम् शरणम् गच्छामि भनी त्रिरत्न शरण गएका व्यक्तिहरूलाई बौद्ध भन्ने चलन छ। तर वास्तवमा यसरी त्रिरत्न शरण जाँदैमा मात्र सही अर्थमा बौद्ध हुन सक्दैन। यी बाहेक उनीहरूमा केही अन्य उच्च गुणहरू पनि हुनु पर्दछ। अनि मात्र सही रूपमा बौद्ध बन्न सकिन्छ। ती गुणहरूमध्ये यहाँ केही गुणहरू मात्र उल्लेख गर्न लागिरहेको छु।

**मैत्री चित्त**—कसैलाई शत्रु नठानी सबैलाई मित्र भाव राख्नु मैत्री चित्त हो। मैत्री चित्त भएको व्यक्तिको स्वभावमा नरमपना आउँदछ र उसमा द्वेष भाव र क्रोधी भाव आफैं हराएर जान्छ। कुनै कारणवश क्रोध आए पनि त्यसले धेरै समय लिदैंन र केही क्षणमै उसको मनमा मैत्रीले स्थान लिई मनमा शान्ति मिल्छ। यो ठूलो तहमा पुगेको मनुष्यको गुण हो। यसरी आफूमा सधैं मैत्री भाव राख्न सक्नु सजिलो काम होइन। स्वार्थी र दुष्ट स्वभावका मानिसहरूको समूहमा बस्नुपर्दा यो काम ज्यादै असजिलो र कठिन हुन पुग्छ। अर्काको कुभलो मात्र चिताउने र आफ्नो गल्ती महसूस नगर्ने स्वभावका मानिसहरूसँग बस्नुपर्दा आफ्नो मनमा रहेको मैत्री चित्त पनि बिस्तारै हराउँदै जाँदो रहेछ। तैपनि सही तरिकाले शान्तपूर्वक जीवन यापन गर्ने चाहना छ भने आफूसँग मैत्री भाव अवश्य हुनैपर्छ। बुद्धसँग सही र शुद्ध मैत्री चित्त भएको कारणले गर्दा नै उहाँलाई कसैले मार्न नसकी बरु तिनीहरू नै उहाँको शरणमा परेका विभिन्न घटनाहरू साक्षीको रूपमा हाम्रो अगाडि छन्।

**श्रद्धा**—श्रद्धा भनेको अन्धभक्ति र अन्धविश्वासको लागि प्रयोग गरिने शब्द होइन। आफ्नै आँखाले देखिसकेपछि अनुभव गरेर मात्र विश्वास गरी आफ्नो मन प्रसन्न गर्ने स्वभावलाई श्रद्धा भनिन्छ। कसैले भनेको भरमा मात्र विश्वास गरी हिंड्ने स्वभावलाई श्रद्धा होइन, अन्धभक्ति भनिन्छ। कुनै कुनै धार्मिक नेता कहलाइएका व्यक्तिहरूले आफूले प्रतिपादन गरेका धर्मका सिद्धान्तहरूको एकैचोटि विश्वास गर्ने पर्ने हुन्छ। तर बुद्धले कसैलाई कहिले पनि पहिले विश्वास गर्न जोड दिनु हुन्न। बुद्ध भन्नुहुन्थ्यो—"एहि पस्सिको" अर्थात् आएर हेर्नु, चित्त बुझे मात्र स्वीकार गरी विश्वास गर्नु। उहाँको यस भनाइलाई प्रजातान्त्रिक र व्यवहारिक विचारधारा भन्न सकिन्छ। तर दैनिक जीवनमा आफूले गर्नु पर्ने वचनप्रति श्रद्धा पनि हुनुपर्छ। यसरी मनैदेखि ध्यान दिएर श्रद्धापूर्वक काम गरेको खण्डमा मात्र जीवन सफल हुन सक्नेछ। यसो गर्न सकेमा समयमै काम पनि सकिनेछ र कामको फल पनि राम्ररी नै पाइने छ। बुद्ध र धर्मप्रति पनि श्रद्धा हुनु पर्छ तर अन्ध श्रद्धा होइन। धर्मप्रति श्रद्धा राख्दा आफूसँग विवेक बुद्धि पनि हुनुपर्छ। विवेक बुद्धिलाई भगवान् बुद्धको भाषामा प्रज्ञा भनिन्छ। श्रद्धामा प्रज्ञाको अभाव भयो भने त्यो व्यक्ति स्वार्थी बनी उसले अरूलाई छलपाउने र ठग्ने काम गर्न पुग्छ।

**शील**—शीलको साधारण अर्थ सदाचार र नैतिकता हो। शील नभएको मानिस अरूको विश्वास पात्र बन्न सक्दैन। शील सदाचार नभएको मानिसलाई कसैले पनि दिलैदेखि विश्वास गर्दैन। त्यस व्यक्तिको मुख अगाडि मात्र अरूले प्रशंसा गर्ने छन्। भिक्षुहरूको विहारमा जाने व्यक्तिहरूलाई शीलको अर्थ सोध्दा



Downloaded from http://www.dhamma.digital

पञ्चशील र अष्टशील भनी शीलको नाम मात्र उच्चारण गर्न जान्नेहरू धेरै देखिन्छन् । तर शील पालन गरी सदाचारी बन्नु पर्ने कार्यतिर त्यति ध्यान दिएको देखिदैन । मन फराकिलो पार्नुपर्ने हो, तर धेरैजसो व्यक्तिको मनमा संकिर्ण विचारधाराले मात्र ठाउं लिएको देखिन्छ ।

मेरो भन्ने भावनालाई त्यागी अरूको उपकार होस् भन्ने भावना राखी दान दिने कार्यलाई त्याग भनिन्छ । र सबै प्रकारको दानलाई त्याग भन्न मिल्दैन । देखावटी र बाध्यरूपमा दिने दानलाई पनि त्याग मानिदैन । स्वर्ग जाने आशा राख्दै गरिने दान पनि त्याग हुन सक्दैन । सिद्धार्थ कुमारले देखावटी होइन, शुद्ध त्याग गर्न सकेको हुनाले उहाँ बुद्ध बन्न सक्नुभयो अर्थात् बोधिज्ञान प्राप्त गर्न सक्नुभयो । दान दिदा दान लिने व्यक्ति दुशील र दुराचारी छ भन्ने थाहा पाउने बित्तिकै त्यस्तो व्यक्तिलाई सित्तंमा दान दिएँ भन्दै पश्चाताप भएको खण्डमा त्यस्तो दानलाई पनि शुद्ध त्याग भनिदैन । दान दिइसकेपछि आफ्नो मन आनन्द राख्न सक्यो भने मात्र दिइसकेको दान त्याग हुनेछ । आफूसंग शुद्ध त्याग भावना राख्न साह्रं गाह्रो हुन्छ । म त एक भिक्षु हुं, दान आएको भरमा बाँच्छु । त्याग भावना हुनुपर्छ भन्दै उपदेश दिने र कथा भन्ने गर्छु । तैपनि म आफैले पनि सधैं त्याग भावना राख्न सकेको छैन । म बिरामी पर्दा धेरै फलफूलहरू दान पाएं । एक्लैले ती सबै खान नसक्ने देखी आफ्ना चेलाहरूलाई पनि ती फलफूलहरू दिने विचार गरें । तर अरूलाई दिनको लागि फलफूल छुट्टाउन खोज्दा अलि पुरानो र छिटो बिग्रिने खालको फलफूलहरूमा पहिला हात जाँदो रहेछ । राम्रा जति फलफूलहरू आफूलाई भनी छुट्टाउँदै अरूलाई दिएँ । यसरी दान दिदा शुद्ध श्रद्धा हुनु आवश्यक छ । केवल धर्मात्मापन मात्र देखाउने कार्यलाई दान अर्थात् त्याग भन्न मिल्दैन । नाम छाप्नको लागि मात्र दिने दानलाई पनि शुद्ध त्याग र दान भन्न मिल्दैन ।

प्रज्ञा — प्रज्ञा नै विवेक बुद्धिको चिन्ह र ज्ञान हो । मानिसको अमूल्य रत्न हो — प्रज्ञा । प्रज्ञा सहितको व्यक्तिमा राम्रो नराम्रो र असल–खराब छुट्टाउन सक्ने शक्ति हुन्छ । उसले समयोचित काम गर्न सक्छ र समय अनुसार उचित कुरा गर्ने गर्छ । ठीक मात्रामा खाना खान्छ, ठीक मात्रामा कुरा गर्छ । धेरै बोल्ने बानी गर्दैन । प्रज्ञावान मानिसमा सम्यक दृष्टि (सही समझदारी) हुन्छ सम्यक संकल्प (सही सोचाई) हुन्छ । तसर्थ प्रज्ञावान मानिसले गल्ती कम गर्छ । आफूबाट गल्ती हुन गएको खण्डमा आत्मालोचना पनि गर्ने गर्छ ।

साभार – दृष्टि साप्ताहिक

# उपासना एकचिन्तन

– सुश्री सुनीता रिमाल

गौतम बुद्ध तिमीलाई मेरो नमस्कार ।
निहुरेर हात जोडी धेरै नमस्कार ।। गौतम
बुद्ध तिमी एक भई अनेक रहेछौ ।
याहाँ वाहाँ जाहाँ ताहाँ तिमी रहेछौ ।। गौतम
तिमीलाई खोज्न काहाँ धाउंदा रहेछौं ।
तिमीलाई सबै ठाउंमा देख्दा रहेछौं ।। गौतम
श्रीलंका र बर्मा याहाँ तिमी रहेछौ ।
जापानीका घर घरमा तिमी रहेछौ ।। गौतम
कोरिया र चीनमा पनि रहेछौ ।
यसो हेर्दा सबै ठाउंमा तिमी रहेछौ ।। गौतम
थाइलैण्ड र हंगकंग जाँदा त्यहीं तिमीछौ ।
वास्तवैमा विश्वभरी तिमी व्याप्त रहेछौ ।। गौतम



Downloaded from http://www.dhamma.digital

# जातभातको कुरा

– प्रमोद हलवाई, धरान–१०

मानव सभ्यताको प्रारम्भिक कालतिर त्यसताकाको मानव समुदायहरू संगठित हुँदै फिरन्ते र असभ्य अवस्थाबाट विकसित हुँदै आएको पाइन्छ। त्यसताकाको मानव समाजमा जातभातको भेदभाव नै थिएन। कालान्तरमा धर्मको प्रादुर्भाव हुँदै ऋग्वेदको रचना पनि भयो।

मानव सभ्यताको प्राचीनतम्रूप समग्रमा यसमा उल्लिखित हुँदै आएको पाईएता पनि ऋग्वेदको दशौं मण्डलमा लेखिएको यो श्लोकले वर्णाश्रम धर्मको प्रारूप तयार गर्ने काम गऱ्यो, जुन यसप्रकार छ;

ब्राह्मणोऽस्य मुखमासिद्ध बाहुराजन्य कृत
यरूतदस्य पदभ्यैः शुद्र अजायत

प्राचीन भारतीय आर्यभाषाको मूलस्वरूप ऋग्वेदमा पाउन सकिन्छ। प्राचीन भारतीय आर्यभाषाको काल सामान्यतः १५०० ई. पू. देखि ५०० ई. पू. मानिन्छन्। यसैताका भारतमा आर्यब्रह्माहरूको आगमन भयो। तीन वेद, ब्राह्मण साहित्य र उपनिषदको रचनाकाल पनि यसैताका भएको अनुमान गर्न सकिन्छ।

ऋग्वेदकै अनुसार प्रजापतिले वर्णाश्रम धर्मको व्यवस्था मिलाई दिएका थिए। पछि आएर आर्यब्रह्माहरूले वैदिक संस्कृत (छन्दस) लाई ब्राह्मण साहित्यमा ढाल्दै आएका थिए। यजुर्वेदमा, "क्षत्रियलाई सभाध्यक्ष बनाएर चारै वर्णका प्रजाहरूले अभिषेक गर्नु" भन्ने भनाईबाट त्यसबेला वर्ण व्यवस्था निकै मजबुत भैसकेको ज्ञात हुन आउँछ।

एम. एस. एस. मेननको अनुसार मनुस्मृतिमा यवन, द्रविड, मल्लम, चिनीया तथा अन्य जातिहरू पहिले क्षत्रियको रूपमा चिनिन्थे। तिनीहरू ब्राह्मण धर्मको पालना गर्न असमर्थ थिए। तिनीहरू आर्यब्राह्मणहरूको जवर्जस्ती अनुचित प्रभावमा परेर आर्य बनेका थिए।

बुद्धकालीन समय अघि जम्बुद्वीप क्षेत्र (जसअन्तर्गत नेपाल पनि पर्दछ) मा ऋग्वेदकै पुरुषशुक्तले गरेका वर्णव्यवस्थाको कार्य विभाजन यद्यपि त्यसताकाको समाजमा प्रचलित थियो। तर नेपाल प्रागैतिहासिक कालदेखि नै विभिन्न जनजातिहरूले बसोबास गरेको ठाउँ भएकोले क्रान्तिकारी बुद्धले वर्णाश्रम धर्मको असमानताप्रति घोर विरोध गरेको थियो। त्यसैबेला नेपालको पहाडी भागमा किरातहरू र दक्षिण तराईभेकमा लिच्छवि, वृजिक, शाक्य, कोली, मल्ल आदिका संघ राज्यहरू पनि थिए। तर ठाठाबाठा ब्राह्मणहरूले प्रभुसत्तामा रहेर यिनीहरूलाई दमन गर्दै ब्राह्मणवादको हावी गराउँदै आएका थिए।

मध्यकालीन नेपाली समाजमा हिन्दू धर्मप्रतिको कट्टरताको भाव पाईन्छ। मुगल शासकहरूको बढ्दो आतंक र अत्याचारबाट त्रस्त भएर असंख्य भारतेलीहरू नेपाल प्रवेश गरे। त्यसैताका स्थितिमल्लले भारतबाट ब्राह्मणहरू झिकाई मनुस्मृतिको आधारमा राज्यमा चार वर्ण अठार जातको स्थिति बाँधिदिएका थिए। यसै हिन्दू जीवन पद्धतिलाई महेन्द्र मल्ल र गोरखामा राम शाहले पनि टेवा दिएका थिए।

आधुनिक कालमा आएर नेपालमा चार वर्ण छत्तिस जातको चलन चल्यो। राणाकालिन १९१० को मुलुकी ऐनले जातभात, छुवाछुत जस्ता अनेकाअनेक



Downloaded from http://www.dhamma.digital

सामाजिक कुरीतिलाई फलाई–फुलाई शोषण गर्ने नीति लिएको देखिन्छ । सामाजिक विषमता हटाउने कुरामा राणाहरूले ध्यान दिन आवश्यक ठानेनन् । परिणामस्वरूप राणाकालको अन्त्यतिर ब्राह्मण जातिका क्रान्तिकारी योद्धाहरूलाई जातिच्यूत मात्र गरेको र धर्मभक्त गंगालाल जस्ता बीर सपुतहरूलाई झुण्डयाएर मारेको तथ्यले पनि राणाहरू ब्राह्मणवादको पृष्ठपोषक थिए भन्ने कुरा छर्लङ्गिन्छ ।

हिन्दू वर्णव्यवस्था अनुरूप ब्राह्मण, क्षत्रिय, वैश्य, शुद्र जस्ता चार वर्ण र अनेकौं जात उपजातमा विभक्त नेपाली समाजमा रहेको जातिगत प्रथालाई २०२० सालको नयाँ मुलुकी ऐनले केहि हदसम्म हटाउन सघाउ पुऱ्याएको छ । हिन्दू धर्ममा ब्राह्मणवादको अवशेष रहेसम्म फाटफूट्ट अझै पनि हाम्रो नेपाली समाजमा जातभातको कुरा चल्ने गर्छ । संस्कृतलाई अनिवार्य शिक्षा बनाउने, 'हिन्दू अधिराज्य' बनाएर नेपाली जनमानसमा धार्मिक स्वतन्त्रताको खिल्ली उडाउने यी सबै हिन्दू धर्ममा ब्राह्मणवादको विसंगतिपूर्ण अग्पौलहरू हुन् । यस्ता विसंगतिहरूलाई निमिट्यान्न पार्दै शोषणरहित समाजको स्थापना गर्न जातभातको कुरालाई पुरक रूपमा हटाउन ब्राह्मणवादका घिनलाग्दा संस्कारहरूलाई छोड्दै ल्याउनु आजको आवश्यकताहरू हुन् । र भगवान् बुद्धले भने झैं जन्मले होइन कर्मले नै मानिस ब्राह्मण एवं शुद्र बन्छन् भन्ने कुराको राम्ररी मनन् गरौं।

★★★

---

विश्वलक्ष्मी तुलाधर नेटपाचोपाखें धर्मकीर्ति पत्रिकाया उत्तरोत्तर कामना यासे माँ धनमायाया नामं रू. १००।– तका ग्वाहालि बिया द्युगुलिं वय्कया जय जय कामना याना ।

# थःगु मिखाँ थःत मखंम्ह

– बेखारत्न शाक्य, यल

पर चक्रयात दोष बिया
माता क्यना जल ह्वला
दु:ख थःगु मदेके धयां
छेँया कलह फुना वनी ला ?

द्वंगु चायेका कोमिलु जुया
धर्मया चित्त मनय् तया
थःगु कर्तव्य पालन या:सा
जल म्वा:क दु:ख मफ्वीला ?

उजागु ज्ञान छुं हे मदेका
धकिचा ज्वना द्येके वना
धुकू खँत प्वंक जुइवं
सुनानं सुख बिया है ला ?

थःम्हं स्वैतं दु:ख बीवं
थ:त सुख दत खं ला ?
थःम्हं म्हुयागु गालय् कुतका
थःतु च्वने अन म्वाली ला ?

कतपिनि तुती लुफीं हा:सा
ज्ञान मदुम्ह धाये स:म्हं
थः न्हासय् लुफीं हा:सां
थःके ज्ञान मदुगु मखंम्ह ।
ज्ञानं खंका काये मस:म्ह ।

★★★



Downloaded from http://www.dhamma.digital

# आषाढपुन्हीया महत्व

– विक्रम शाक्य, ल. पु. नःबहा

विश्वशान्ति याय्गु मनंतुना मैत्री, करुणा, मुदिता व उपेक्षाया सन्देश जोना बिज्याम्ह शान्ति नायक गौतम बुद्धया जन्मभूमि थो झीगु मातृभूमि नेपा दे हे खः। थुगु नेपा गाले परापूर्वकालंनिसें फुक जनजातिया थःथःगु संस्कृतिया नाप नापं धर्म कर्मया ज्या क्वःत कःघाना बयाचोंगु थौंतकं यथावत रूपं दनिगु जुल। आः झी बौद्धतसें हना बया चोनागु व हनेमागु छता निता खँ थन न्ह्यथने त्यना।

स्वांयापुन्ही धाय्बले बुद्धया जीवनी नाप स्वाना चोंगु जन्म, बुद्धत्व लाभ व महापरिनिर्वाण स्वंगू संयोग चूलागु दि खः। थथे स्वंगू संयोग चूलागु खःसां तबि बुद्ध जन्म जूगु दि कथं जक बुद्ध जयन्ती धका हना बया चोना। तर बोधिज्ञान लाभ व महापरिनिर्वाण दिवस कथ धका थुइका न्ह्याका चोंगु मदु। २५४० गू पुन्ही महापरिनिर्वाण जूगु वयं कथं मानेयाना चोनागु खः। उकि जयन्ती कथं मखु।

अथे हे ज्यापुन्ही भगवान् बुद्धं महासमय सूत्र देशना याना बिज्यागु दि खः। वसपोल कपिलवस्तुइ बिज्याना चोंबले न्यासः भिक्षुपिनि उपस्थितिइ कना बिज्यागु खः। झांसं थो हे पवित्र दिं लुमंका ज्यापुन्ही हना बया चोना।

दिल्लापुन्ही (आषाढ पूर्णिमा) मेमेगु पुन्ही सोया नं अपो महत्व दुगु पुन्ही खः। छाय् धाःसा वसपोलं धर्मचक्र सूत्र आदि उपदेश बिया बिज्यागुलिं हे बुद्धजीवनीया महत्व दुगु खः। आषाढ पुन्ही खुनु सिद्धार्थ मांया प्वाथे प्रवेश जुया बिज्यागु, महाभिनिष्क्रमण (गृह त्याग), धर्मचक्र प्रवर्तन, ऋद्धि प्रातिहार्य व अभिधर्म देशना आदि तःतामछि संयोग चूलागु दिं खः।

गृह त्याग –

छन्हु सिद्धार्थ राजकुमार दरबारं पिने कपिलवस्तुइ चाह्यू बिज्याबले बुराम्ह व लोगीम्ह मनू, सीम्ह सिथं हइचोंगु व शान्तरूपं बयाचोंम्ह छम्ह भिक्षुयात खंगु खः। थुपिं थी थी घटनात खंगु बारे थः नापं वोम्ह छन्दक सारथीपाखें झीपिं नं अथे हे बुरा, लोगी जुया सिना वनेमानी धैगु खँ न्यनालि शान्त रूपं पलाछिना बया चोंम्ह भिक्षुया बारे छन्दकं थुकथं कन—वसपोल भिक्षु संसार दुःखं मुक्त जुइया लागी छें बुं धन सम्पत्ति फुकं त्याग याना, थःगु धैगु छुं मदुगु अनित्य संसार म्हसीका सकल परिवार तोता निर्वाण प्राप्तिया लँपुइ वना मेपिन्तनं निर्वाणया लँपु क्यनेगु मनंतुना भिक्षु जीवन हना चोंम्ह व्यक्ति खः धैगु न्यना सिद्धार्थया नं जगत उद्धार याय्गु मती वल। स्वतन्त्ररूपं जीवन हनेगु मती तया भिक्षु जुइगु इच्छां सिद्धार्थ कुमारं कन्थक सल गया आषाढपुन्ही खुनु हे चान्हे राजदरबार तोता पिहाँ बिज्यात।

धर्मचक्र प्रवर्तन—

गृह त्याग याय् धुंका आपालं ततःधंपिं विद्वानपिं गुरुपिं सत्संगत याना धर्मया अध्ययन यात। शुद्धगु ज्ञान लुइके मफत। शरीरयात दुःख बिया तपस्या यात। तपस्यां दुगु प्रज्ञा हे मदया वन। बुद्धगयाय् बंगलसिमा क्वे विपस्सना ध्यानं थःत थःम्ह म्हसिल। मने चोंगु क्लेश फुकं चब्बुक तोता छोत। चतुआर्यसत्य ज्ञानयात साक्षात्कार याना बुद्धत्व प्राप्त जुल।

अनं लिपा सारनाथे बिज्यात पञ्चभद्रवर्गीपिन्त भवचक्रं मुक्त जुइगु धर्मचक्रया खँ कना बिज्यात। भोगमज्जा याना चोनेगु व प्वाः सुकू यंका चोनेगु निगू अन्तया जीवन तोते माःगु खँ व आर्य अष्टाङ्गिक मार्गया खँ कना बिज्यात। थोनं असारपुन्ही खुनुया घटना खः।

ऋद्धिप्रातिहार्य व अभिधर्मया देशना नं असारपुन्ही खुनु हे जूगु सफुती चोइतःगु दु।

वसपोलं बुद्ध भिक्षुपिन्त थथंथथे सहलह ब्याकेगु व धर्म प्रचारया खँ ल्हाय्‌त व अनुशासने चोनेत असारपुन्ही खुनुनिसें स्वला तक वर्षावास चोनेगु नियम दयका थः स्वयं दकले न्हापां वर्षावास चोना बिज्यागु खः।

लुमके बहगु मेगु नं छगू शासनिक घटना जूगु दु भिक्षुपिनि नियम छ्वासुया बोगुलिं महाकाश्यप महास्थविरया नेतृत्वे व अजातशत्रु जुजुया संरक्षणे राजगृहया सप्तवर्णी गुफाय प्रथम संगायना जूगु नं असारपुन्ही खुनु धयागु उल्लेख दु। ★★★



Downloaded from http://www.dhamma.digital

## २५ औं वार्षिक भेला

२०५३ जेठ २६ गते

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ औं वार्षिक भेला कार्यक्रम प्रणिधीपूर्ण महाविहार बलम्बूमा सम्पन्न भएको थियो ।

यस गोष्ठीका पुराना तथा नयाँ सदस्यहरू समेत गरी लगभग १३५ जवान सदस्यहरू लगायत भिक्षुहरू, अनगारिकाहरू, अन्य आगन्तुक तथा पर्यवेक्षकहरू र बलम्बूका स्थानिय उपासक उपासिकाहरू समेत सम्मिलित भएको उक्त कार्यक्रमलाई दुई चरणमा विभाजन गरी संचालन गरिएको थियो ।

पहिलो चरणको कार्यक्रम संचालन गर्नुहुँदै उक्त गोष्ठीका सचिव श्री अगम्यरत्न कंसाकारले सम्पूर्ण सदस्यहरूलाई बुद्ध शिक्षा, अध्ययन गोष्ठी र विहार सम्बन्धि आफ्नो अनुभवहरू बताउनको लागि अनुरोध गर्नुभएको थियो ।

पुराना सदस्यहरूले आफ्नो अनुभवहरू यसरी व्यक्त गरेका थिए—"अध्ययन गोष्ठीको सदस्यको रूपमा रही गोष्ठीद्वारा संचालित बुद्ध शिक्षा अध्ययन लगायत थुप्रै अन्य रचनात्मक, कलात्मक तथा शीपमूलक र बौद्धिक विकासका कार्यक्रमहरूमा सहभागी भई थुप्रै बहुश्रुतहरू आर्जन गरी बुद्ध शिक्षालाई केही हदसम्म भएपनि व्यवहारमा उतार्ने अभ्यास गरेकोले होला जीवनका कतिपय कठीन परिस्थितिहरूमा पनि अविचलित भई अगाडी बढ्ने हौसला प्राप्त भइरहेको छ । त्यसैले यस गोष्ठीमा नयाँ पिंढीहरूलाई पनि बुद्ध शिक्षालाई हृदयदेखि मनन गर्ने सल्लाह दिन चाहन्छौं ।"

यस्तै अनुभव बताउने क्रममा नयाँ सदस्यहरूले यसरी आफ्नो मन्तव्य व्यक्त गरेका थिए—"अध्ययन गोष्ठीमा सम्मिलित भई बुद्धको शिक्षा अध्ययन गरेको फलस्वरूप कतिपय गल्ती कार्यहरू गर्न लागेको समयमा आफू अध्ययन गोष्ठी जस्तो पवित्र संस्थामा बुद्ध शिक्षा अध्ययन गरिरहेको व्यक्ति सम्झी सो गल्ती आफुबाट हुन दिनु अयोग्य सम्झी आफू नराम्रो कार्य गर्नबाट जोगिने सुवर्ण मौका प्राप्त भएको छ ।"

शील प्रार्थनाबाट शुरु भएको दोश्रो चरणको कार्यक्रममा गोष्ठीका उपाध्यक्ष श्री अमृतरत्न ताम्राकारले उक्त कार्यक्रममा उपस्थित हुनु भएका सबैलाई स्वागत गर्नुहुँदै वर्ष भरिको कार्यको मूल्याङ्कन र आगामी कार्यक्रम तय गर्नको लागि नै वार्षिक भेला गर्नु परेको कुरा उल्लेख गर्नुभयो ।

गोष्ठीका सचिव अगम्यरत्न कंसाकारले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने धर्मकीर्ति पुस्तकालय संयोजक श्री कमलमुनी शाक्यले पुस्तकालयको गतिविधि प्रकाश पार्नुभयो र अध्ययन गोष्ठीका कोषाध्यक्ष श्री ज्ञानीरत्न तुलाधरले गोष्ठीको वार्षिक आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

उक्त समारोहमा विभिन्न महानुभावहरूले आ–आफ्नो मन्तव्यहरू यसरी व्यक्त गर्नुभएको थियो ।

श्री इन्द्रकुमार नकर्मी (अध्ययन गोष्ठीका कक्षा संचालक संयोजक)—"अध्ययन गोष्ठीमा नयाँ सदस्यहरू देखिनुको मुख्य कारण यसको रचनात्मक कार्यहरू नै देखिन्छ । त्यस्तै शनिवारिय कार्यक्रम नै यस गोष्ठीको मुख (अनुहार) कार्य हो ।"

प्रणिधिपूर्ण महाविहारका मुख भन्ते—"यस्तो



Downloaded from http://www.dhamma.digital

प्रतिस्पर्धात्मक जीवनमा पनि आपनो अमूल्य समय निकाली सागररूपी बुद्ध शिक्षा सबै ग्रहण गर्न नसके पनि केही मात्रामा भएपनि शिक्षा लिने प्रयास गर्नु पनि आपनो जीवनको लागि अति उपयोगी सिद्ध हुनेछ।''

भिक्षु अश्वघोष (कार्यक्रमको प्रमुख अतिथि तथा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका धर्मानुशासक)—धर्म प्रचारको लागि नै यस गोष्ठीको स्थापना गरिएको हो। धर्म प्रचार गर्नको लागि तिन चरण पार गर्नुपर्छ। (१) परियत्ति (२) प्रतिपत्ति (३) प्रतिवेध।

परियत्ति भन्नाले आफूले पहिला अध्ययन गर्ने र बुझ्ने, प्रतिपत्ति भन्नाले आफूले बुझे अनुसार शिक्षालाई आचरण गरी व्यवहारमा उतार्ने र प्रतिवेध भन्नाले आफूले जाने बुझेका शिक्षा पालनपछि पाउने फल हो। भगवान् बुद्धको शिक्षा पनि यसरी नै हुन आउँछ, पहिला आएर हेर्नु, बुझ्नु, अनिमात्र शिक्षालाई अंगाली लाभ प्राप्त गर्नु हो। प्राप्त भएको लाभ अरूलाई पनि बाँडेर प्रचार प्रसार गर्नु हो। अरूलाई हानी नपुऱ्याउने आचरण र व्यवहारले नै मानिस वास्तविक मानवको रूपमा गनिन्छ।''

अनगारिका धम्मवती (धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अध्यक्ष)—''आमा बुबाले आपना छोराछोरी-हरूलाई धनसम्पत्ति मात्र अंश दिएर आपनो दायित्व पूरा भएको नसम्झी आफू नै उनीहरूको पहिलो गुरु भएकोले ज्ञानको मार्ग पहिला पैल्याई दिनुपर्छ। त्यस-कारण नयाँ पुस्तालाई पनि अध्ययन गोष्ठीमा ल्याई बुद्ध शिक्षा, गृही विनय जस्ता जीवनको लागि अत्यावश्यक ज्ञानहरू हासिल गर्न लगाई आ–आपनो कर्तव्य पालन गराउनु पर्छ।''

यस्तै मन्तव्य व्यक्त गर्नु हुनेहरूमा अध्ययन गोष्ठीका पुरानो सदस्यको तर्फबाट श्रीमती प्रेमहीरा तुलाधर, नयाँ सदस्यको तर्फबाट श्री ज्ञानेन्द्र महर्जन, आगन्तुकहरूको तर्फबाट श्री देवकाजी शाक्य र अजयरत्न स्थापितले पनि आ–आपनो विचार व्यक्त गर्नुहुँदै यस गोष्ठीले गर्दै आइरहेको बुद्ध शिक्षा अध्ययन तथा प्रचार, रचनात्मक र सेवामूलक कार्यहरूप्रति सराहना व्यक्त गर्नुभयो। गोष्ठीका सल्लाहकार श्री सानुरत्न स्थापितले पनि आपनो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा सह–कोषाध्यक्ष सुश्री रचना शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने उक्त कार्यक्रमको संचालन गोष्ठीका सदस्य श्री अनिल कृष्ण जोशीले गर्नुभएको थियो।

## लुम्बिनीमा ३५ जनाको सामूहिक अस्थाई प्रव्रज्या

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्तीको उपलक्ष्यमा गत २०५२ चैत्र २५ गते देखि २०५३ बैशाख २ गतेसम्म लुम्बिनीमा निर्माणाधिन अन्तर्राष्ट्रिय भिक्षुणी संघको भवनमा अस्थाई प्रव्रज्या कार्यक्रमको आयोजना गरियो। सो कार्यक्रममा बर्माका सयादो ऊ. ञाणिस्सरको उपाध्यायत्वमा १४ जनाले उपसम्पदा र १ जनाले श्रामणेर प्रव्रज्या ग्रहण गर्नुभएको थियो। उहाँहरूमध्ये उपसम्पदा हुनेहरू क्रमशः यसप्रकार छन्—

१. शान्तरत्न कंसाकार (माइला बाई)
२. Aung Thin (बर्मी नागरिक)
३. गणेश श्रेष्ठ
४. मोतिकाजी शाक्य
५. अशोक सुन्दर तुलाधर
६. उद्योगरत्न तुलाधर
७. डा. चन्द्रेशरत्न तुलाधर
८. अजयरत्न स्थापित
९. दिपक मानन्धर
१०. रोशन काजी तुलाधर



Downloaded from http://www.dhamma.digital

११. अगम्यरत्न कंसाकार

१२. अमृतरत्न ताम्राकार

१३. अरूण सिद्धि तुलाधर

१४. जगत मानन्धर

र श्रामणेर प्रव्रज्या ग्रहण गर्नु हुने बिकासरत्न तुलाधर हुनुहुन्छ ।

त्यस्तै सोही कार्यक्रममा अ. धम्मवतीको उपाध्यायत्वमा हेरामाया महर्जनले अस्थायी अनगारिका प्रव्रज्या ग्रहण गर्नुभएको थियो भने १९ जनाले ऋषिनी प्रव्रज्या ग्रहण गर्नुभएको थियो । उहाँहरू हुनुहुन्छ—

१. तिमीला रंजित
२. क्षमा मानन्धर
३. हिरामैंया नकर्मी
४. विष्णुदेवी महर्जन
५. अमिता मानन्धर
६. कृष्णदेवी मानन्धर
७. नानीहेरा तुलाधर
८. प्रेमशोभा कंसाकार
९. मीनाहेरा तुलाधर
१०. बिमलाहेरा तुलाधर
११. सुनिला स्थापित
१२. मैंया स्थापित
१३. सरीता बज्राचार्य
१४. रामेश्वरी महर्जन
१५. बिनु ताम्राकार
१६. तारा महर्जन
१७. सहना मानन्धर
१८. रचना शाक्य
१९. सुनिहेरा तुलाधर

त्यसै कार्यक्रममा सयादो ऊ. ञाणिस्सरकै आचार्यत्वमा ध्यान शिविर पनि संचालन गरिएको थियो । ध्यान शिविरमा प्रव्रजित ३५ जना र अरू ६ जना गरी जम्मा ४१ जनाले भाग लिएको थियो ।

उक्त प्रव्रज्या र ध्यानको संयुक्त कार्यक्रममा सयादो ऊ. ञाणिस्सर र अ. धम्मवतीको बुद्ध शिक्षाको सामाजिक एवं व्यावहारिक पक्ष सम्बन्धि प्रवचनबाट कार्यक्रमको महत्वमा वृद्धि भएको मात्र नभै सहभागीहरूको समयको पनि सही सदुपयोग भएको उहाँहरू महसूस गर्नुहुन्छ ।

## २०५३ बैशाख ८ गते

गोष्ठीको साप्ताहिक नियमित कक्षामा गत २०५२ चैत्र २५ गते देखि २०५३ बैशाख २ गते सम्म लुम्बिनीमा अस्थायी प्रव्रज्या ग्रहण गर्ने गोष्ठीका सदस्य साथीहरूले प्रव्रज्या बारे आ–आफ्नो अनुभव बताउनु भयो ।

## २०५३ बैशाख २५ गते

यस दिन अध्ययन गोष्ठीको शनिवारको कक्षामा श्री बरदेश मानन्धरले 'सप्पाय' विषयमा चर्चा गर्नुभयो । 'सप्पाय' अर्थात् अनुकूलता भन्नासाथ ध्यानमा बस्दा ध्यान अभिवृद्धि गर्न आवश्यक अनुकूलता भन्ने बुझ्नु पर्दछ । ध्यानमा बस्न मानसिकरूपले तयार भैसकेका एक नयाँ साधकको निम्ति आवश्यक अनुकूलता अथवा सप्पाय ७ वटा छन् । ती हुन्—

१. अनुकूल स्थान
२. अनुकूल आराम / बस्ती
३. अनुकूल व्यक्तिहरू
   (क) गुरु (ख) कल्याणमित्र
४. अनुकूल सम्बाद
५. अनुकूल आहार
६. अनुकूल हावापानी
७. अनुकूल आसन (इरियापथ)



Downloaded from http://www.dhamma.digital

## २५४० औं बुद्धपूर्णिमा महोत्सव

श्री शाक्यमुनी विहार, भोजपुर टक्सार—शाक्यमुनी बौद्ध संघको आयोजनामा र श्री देवराज शाक्यको अध्यक्षतामा २५४० औं बुद्धपूर्णिमा सप्ताहव्यापी कार्यक्रमका साथ भव्यरूपले मनाइएको समाचार प्राप्त भएको छ। प्रकाश चन्द्र शाक्यले संचालन गर्नुभएको उक्त समारोहमा बैशाख १५ गते बेखि ज्ञानमाला भजन, बुद्ध–पूजा, प्रवचन, विपश्यना ध्यान, कल्पवृक्ष दान, अस्पतालका बिरामीहरूलाई फलफूल वितरण, बौद्ध हाजिर जवाफ प्रतियोगिता, कविता गोष्ठी, बोधिवृक्ष पूजा, बुद्धको प्रतिमा सहित बजार परिक्रमा, धर्म सभा र प्रसाद बितरण आदि कार्यक्रम समेतको सप्ताहव्यापी समारोह सम्पन्न गरिएको थियो। यस बुद्ध जयन्ती समारोहलाई सफल पार्नको लागि श्री लालधन शाक्य मार्फत बिराटनगरबाट प्राप्त भएको आर्थिक सहयोगको लागि बुद्ध जयन्ती समारोह समिति शाक्यमुनी विहारले वहाँहरूलाई हार्दिक कृतज्ञता ज्ञापन गरेको कुरा समाचारद्वारा व्यक्त गरिएको छ।

बुद्धपूर्णिमाको दिन प्रवचन कार्यक्रमको सिलसिलामा प्रवचन दिनुहुने महानुभावहरू—प्रकाश चन्द्र शाक्य, उत्तम कुमार शाक्य, देवराज शाक्य, निर्मला शाक्य, सुनीता शाक्य, मैंया शाक्य, भरत ताम्राकार, अमृका ताम्राकार आदि।

मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू—प्र. जि. अ. श्री तारानाथ गौतम, भोजपुर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख चतुर भक्त राई, गा. वि. स. अध्यक्ष श्री गोविन्द कार्की आदि।

उत्तम कुमार शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा राजेन्द्र शाक्यले संगीत, निर्मला शाक्य र मैंया शाक्यले स्वागत गीत प्रस्तुत गर्नुभएको थियो।

जिल्लाका सम्पूर्ण कार्यालयको प्रमुखहरूको उपस्थिति भएको उक्त धर्म सभामा प्र. जि. अ. ज्यूबाट हाजिरी जवाफ प्रतियोगिता र कविता गोष्ठीमा प्रथम, द्वितीय र तृतीय हुनेहरूलाई पुरस्कार वितरण पनि गर्नुभएको थियो।

## अस्थिधातु प्रदर्शन

कीर्तिपुर स्थित नगर मण्डप श्रीकीर्ति विहारमा जेठ पूर्णिमाको दिन यशोधरा थेरीको पवित्र अस्थिधातुको हजारौं सर्वसाधारण श्रद्धालुहरूबाट दर्शन तथा पूजा गरिएको समाचार छ। सो समारोहमा शील प्रार्थना र पूजा पछि भिक्षु सुदर्शन महास्थविरबाट यशोधरा थेरीको जीवनी र आदर्शको उपदेश दिनुभएको थियो।

सो पवित्र अस्थिधातु गत मंसीर २ गते २०५२ का दिन थाइलैण्डका ११ औं संघराज परमपूज्य सोमदेच फ्रा. ञाणसंवर सकलसंघ परिणायकबाट प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा एक समारोह बीच नगरमण्डप श्रीकीर्ति विहारलाई प्रदान भएको र सो अस्थिधातु हाल संरक्षण गरी राखनको लागि पद्मदास श्रेष्ठले आफ्नी दिवंगत पत्नी माधुरी श्रेष्ठको पुण्य–स्मृतिमा ५ मनको एउटा सेफ प्रदान गर्नुभएको कुरा बुझिएको छ।

सो कार्यक्रममा गोपीलाल उपासकले भिक्षु, अनगारिकाहरूलाई भोजन प्रदान गर्नुभएको थियो।



Downloaded from http://www.dhamma.digital

स्मरणीय छ, यशोधरा थेरी गृहस्थावस्थामा राजकुमार सिद्धार्थ गौतमकी रानी र राहुलकी आमा थिइन् । यशोधरालाई गोपा र भद्द कंचन पनि भनिन्छ । यशोधराको जन्म सिद्धार्थ कुमार जन्मेकै दिन भएको र ७८ वर्षको उमेरमा उनीको निर्वाण भएको थियो ।

## पुस्तक लोकार्पण

पोखरा २०५३ साल जेठ ३२ गते धर्मशीला बुद्ध विहार नदिपुरमा वयोवृद्ध भिक्षु सुभद्रज्यूबाट एक समारोहका बिच भगवान् बुद्ध र भावना किताबको लोकार्पण गर्नुभएको थियो। स्वामी विशुद्धानन्दज्यूले हिन्दीमा लेख्नु भएको भगवान् बुद्ध और भावना किताबलाई सर्वसाधारणलाई सरलसँग बुझोस् भन्ने हेतुले भिक्षु श्रद्धानन्दज्यूले आफ्नो आमा अनगारिका सुधम्माको स्मृतिमा नेपालीमा रूपान्तर गर्नुभएको थियो ।

श्री तिलकमान गुभाजुको सभापतित्वमा भएको समारोहमा सोम बज्राचार्यज्यूबाट स्वागत मन्तव्य, प्राध्यापक सर्वराज आचार्यज्यूबाट कृति परिचय, भिक्षु श्रद्धानन्दज्यूबाट किताब अनुवाद सम्बन्धि उद्देश्य माथी प्रकास र श्री भुवनिधि पन्त, हेमबहादुर प्रधान, केशवराज पराजुली र गणेश परियारज्यूबाट आ–आफ्नो मन्तव्य प्रकट गर्नुभएको थियो। विश्व शाक्यज्यूबाट धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## कार्यकारिणी समिति गठन

महामानव भगवान् बुद्धको मध्यम मार्गीय व्यवहारिक सम्यक शिक्षालाई अनुशरण गर्दै जनमानसमा फैलाउने तथा समाजलाई विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याई यस शिक्षालाई व्यवहारमा उतार्ने उद्देश्यले २०५० सालमा यस सम्यक शिक्षा समूहको स्थापना धरान वार्ड नं. १२ स्थित श्री स्वयम्भू चैत्य महाविहारमा भएको कुरा जानकारीमा आएको छ ।

बुद्धको शिक्षालाई अनुशरण गर्दै, समाज सेवा गर्दै यस समूहले आफ्नो कार्यकालको दुई वर्षको अवधि पनि भर्खरै मात्र पुरा गरेको छ । यस समूहको साधारण सभा द्वारा पुरानो कार्यकारिणी समिति विघटन गरी नयाँ कार्यकारिणी समिति यसरी गठन गरिएको समाचार छ ।

अध्यक्ष – श्रीमती देवीमाया शाक्य
उपाध्यक्ष – श्री मोहन श्रेष्ठ
सचिव – श्री सुरज शाक्य
सह–सचिव – श्री अशोक शाक्य
कोषाध्यक्ष – सुश्री विद्या शाक्य

सदस्यहरू– श्री सुवास शाक्य, श्री अमृत शाक्य, सुश्री पुनम स्थापित, सुश्री अनुपमा शाक्य, श्री डगल सुब्बा ।
सल्लाहकारहरू– श्री दुर्गाराज शाक्य, श्री केदार कुमार शाक्य, श्री पूर्णकाजी शाक्य, श्री देवरत्न शाक्य, सुश्री गंगादेवी शाक्य ।

स्मरणीय छ, २०५३ जेठ ७ गते देखि कक्षा १ देखि ७ सम्मका बाल–बालिकाहरूलाई नैतिक, व्यवहारिक, पाठ्य पुस्तक सम्बन्धि र भगवान् बुद्धको व्यवहारिक शिक्षा सम्बन्धि सामान्य ज्ञान दिने उद्देश्यले परियत्ति कक्षा संचालन गर्दै आएको र निकट भविष्यमा विभिन्न किसिमका तालिम र सामाजिक कार्यहरू समेत समावेश गर्ने विषयमा प्रकाश पारिएको छ ।

## निःशुल्क स्वास्थ्य शिविर संचालन

२५४० औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा त्रिरत्न मैत्री संघ काठमाडौंको आयोजनामा २०५३ वैशाख २० गते बिहिबार देखि २०५३ वैशाख २७ गतेसम्म स्वयम्भु



Downloaded from http://www.dhamma.digital

स्थित आनन्दकुटी विहारमा सप्ताह व्यापी "नि:शुल्क स्वास्थ्य शिविर सेवा" संचालन गरियो। उक्त शिविरमा Acupuncture, Moxibustion र Acupressure जस्तो परम्परागत विधिद्वारा रोगीहरूको उपचार गरेको थियो।

"रोगीको सेवा गर्नु नै बुद्धको सेवा गर्नु हो" भन्ने मूल उपदेशलाई अनुशरण गरी संचालन गरिएको उक्त शिविरमा कम्मर, घुँडा, टाउको, हात खुट्टा दुखने, झमझम आउने पेट दुखने आदि रोगले पिडितहरूको सेवा गरिएको थियो।

स्वास्थ्य शिविरमा आफ्नो निस्वार्थ भावनाले सेवा गर्नुभएका स्वास्थ्य कार्यकर्ताहरूलाई २५४० औं बुद्धजयन्ती समारोह समितिका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरबाट उक्त निस्वार्थ सेवाको प्रशंसा गर्नुहुँदै उपदेश दिनुको साथै कार्यकर्ताहरूलाई सेवाको कदर स्वरूप सम्मान-पत्र पनि वितरण गर्नुभएको थियो भने उक्त समापन समारोहका प्रमुख अतिथि सम्माननीय राजपरिषदका सदस्य तथा २५४० औं बुद्धजयन्ती समारोह समितिका उपाध्यक्ष श्री कनकमान शाक्यज्यूबाट सेवा शिविरका नेतृ ललितपुर च्यासल निवासी सुश्री सानुनानी व्यञ्जनाकार (Acupuncture, Moxibustion र Acupressure Therapist) लाई दोसल्ला ओढाई सम्मान गर्नुका साथै उक्त शिविरका सम्पूर्ण सहभागी कार्यकर्ताहरूलाई धन्यवाद तथा प्रशंसा व्यक्त गर्नुभएको थियो भने आयोजक संघका उपाध्यक्ष श्री चन्द्रदेव शाक्यले सबै स्वास्थ्य कार्यकर्ताहरूलाई खाता ओढाई सम्मान पनि गर्नुभएको थियो।

उक्त समापन समारोहमा जापानबाट प्राप्त आर्थिक सहयोगबाट संचालन भैरहेको बागबजार स्थित Oriental Treatment Cum Training Center का आदरणिय गुरु श्री मिनाई हाताले यस किसिमको पहिलो पल्ट संचालन गरिएको शिविरमा आफूले पनि सेवा गर्न पाएकोमा आयोजक, व्यवस्थापक तथा सेवामा सम्मिलित सम्पूर्ण स्वास्थ्य कार्यकर्ताहरूलाई धन्यवाद दिनुको साथै आउँदो दिनहरूमा पनि यस्ता सेवा मूलक शिविर संचालन भएमा त्यस सम्बन्धी औषधीहरू तयार पार्ने विधिहरू सिकाई दिने ईच्छा पनि व्यक्त गर्नुभएको थियो भने उहाँले यस शिविरलाई आवश्यक Acupuncture Needle र अन्य सामान प्रयोग गर्न सहयोग गर्नुभएको थियो।

समापन समारोहको उपलक्ष्यमा शिविरमा सहभागी हुनु भएका श्री तिर्थनारायण मानन्धरले यस प्रकारको सेवाबाट आफूलाई घुँडा दुखने पिडा कम भएको कुरा समारोहमा जानकारी दिनु भएको थियो भने शिविरका कार्यकर्ता सितापाइला निवासी श्री ईश्वर बलामीले २५४० औं बुद्धपूर्णिमाका पावन उपलक्ष्यमा आफूले सिकेका ज्ञानबाट यसरी रोगीहरूको सेवा गर्न पाएकोमा खुशी व्यक्त गर्नुको साथै यस किसिमको सेवा गर्न आफू सधैं तत्पर रहिरहने कुरा पनि व्यक्त गर्नुभयो।

कार्यक्रमको अन्तमा २५४० औं बुद्धजयन्ती समारोह समितिका महासचिव श्री श्यामकृष्ण मानन्धरले समितिको तर्फबाट बिदाई भोजको आयोजना गर्नुको साथै आयोजक साथीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभएको थियो।

उक्त समापन समारोहको सभापतित्व आयोजक संघका उपाध्यक्ष श्री पंचरत्न डंगोलले गर्नुभएको थियो भने सभा संचालन श्री बिष्णुलाल तण्डुकारबाट गर्नुभएको थियो।



Downloaded from http://www.dhamma.digital

## पोखरामा बुद्धजयन्ती

धर्मोदय सभा कास्की र युवा बौद्ध संघ पोखराको आयोजनामा बैशाख १५ गते रक्तदान । ज्ञानमाला संघ पोखराको आयोजनामा १६ गते देखि २१ गतेसम्म हाजिरी जवाफ प्रतियोगिता । महिला उपासिका संघ पोखराको आयोजनामा कुष्ठ रोगीहरूलाई फलफूल वितरण । युवा बौद्ध संघ पोखराको आयोजनामा २१ गते साँझ दीपयात्रा । १४–२० सम्म विहार तथा गुम्बाहरूमा धर्मदेशना र पुरस्कार वितरण प्र. जि. अ. ध्रुव प्रसाद वाग्लेबाट ।

## गोरखामा शान्ति पदयात्रा कार्यक्रम

२०५३ साल बैशाख २१ गते चण्डी पूर्णिमाको दिन २५४० औं बुद्धपूर्णिमा महोत्सवको अवसरमा बुद्ध धर्म सेवा समिति पोखरीथोक गोरखाले आयोजना गरिएको शान्ति पदयात्रा कार्यक्रम भव्यरूपमा सम्पन्न भएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार उक्त र्‍याली हरमटारी रंगशालाबाट शुरु भई गोरखा बजार परिक्रमा गरी श्री शक्ति मा. वि. पाटेचौरमा पुगी दोश्रो चरणको कार्यक्रम थालनी भएको थियो । सभाको सभापति तमू छोंज घोका उपाध्यक्ष श्री जगत् सिं गुरुङ्ग हुनुहुन्थ्यो भने उद्घोषक श्री वनज्योती गुबाजु हुनुहुन्थ्यो । उपस्थित महानुभावहरूलाई बुद्ध धर्म सेवा समिति गोरखाका अध्यक्ष श्री मोहनरत्न शाक्यले पञ्चशील प्रार्थना गराउनु भई बुद्ध वन्दना पाठ गराउनु भएको थियो । भेषबहादुर गुरुङ्ग्ज्यूले स्वागत भाषण गर्नुभएको सो सभामा नेपाल मगर संघ जिल्ला समिति गोरखाका सचिव श्री नरबहादुर आले मगर, श्री खड्कबहादुर राई र श्री कृष्ण योगी (कुँवर) आदिले बुद्ध शिक्षा बारे आफुले जाने बुझे अनुसारका मन्तव्यहरू व्यक्त गर्नुभएका थिए ।

## चित्रकला प्रदर्शनी

बुद्ध विहार धरान–८, २६२० औं बुद्ध जयन्तीको पुनित अवसरमा सम्यक सम्बुद्धको जीवनी सम्बन्धी चित्रकलाको कलात्मक पानसमा बत्ती बाली काठमाडौंबाट पाल्नु भएका गुरुमाँहरू मोलिनी, धम्मविजया र सुमेधावतीबाट उद्घाटन गर्नुभएको समाचार छ। बैशाख १५ गते देखि २१ गतेसम्म प्रदर्शित उक्त चित्रकला प्रदर्शनी विभिन्न विहार, गुम्बा, विद्यालयका शिक्षक शिक्षिका लगायत विद्यार्थीहरू र विभिन्न महानुभावहरूले अभिरुचिका साथ अवलोकन गर्नुभएका थिए । प्रदर्शनीमा प्रदर्शन गर्न राखिएका ४८ थान रंगिन चित्रहरू धरानका वरिष्ठ कलाकार गोपाल शाक्यद्वारा तयार पारिएको थियो भने प्रदर्शनीको आयोजना धरान–१२ का सम्यक शिक्षा समूहले गरेको जानकारी प्राप्त भएको छ ।

## करुणा बौद्ध समूहबाट बुद्ध–पूजा सम्पन्न

२०५३ जेठ १ गते तानसेन पाल्पा—करुणा बौद्ध समूह तानसेन पाल्पाको आयोजनामा बुद्ध विहार, होलङ्गदीमा ज्ञानमाला भजन, बुद्ध–पूजा, पञ्चशील प्रार्थना, शुभकामना मन्तव्य र धर्मदेशना कार्यक्रम सम्पन्न भएको समाचार प्राप्त भएको छ। संघनायक भिक्षु शाक्यानन्द महास्थविरको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा करुणा बौद्ध समूहका अध्यक्ष श्री छत्रराज शाक्यज्यूबाट संस्थाको उद्देश्यहरू यसरी व्यक्त गर्नुभयो ।

(१) बुद्ध शिक्षा प्रचार प्रसार गरी यसको आध्यात्मिक पक्षलाई व्यवहारिक जीवनमा अवलम्बन गर्न र गराउन प्रेरित गर्ने ।

(२) होलङ्गदी बुद्ध विहारलाई बौद्ध केन्द्रको रूपमा विकास गर्दै लाने ।

(३) बुद्ध विहारको भवन मरम्मत, निर्माण र आवश्यक संरक्षण गर्दै लाने आदि ।



Downloaded from http://www.dhamma.digital

यस करुणा बौद्ध समूहलाई शुभकामना व्यक्त गर्नु हुने महानुभावहरू—सुश्री सुमना शाक्य, श्री देवेन्द्र-मान शाक्य, श्री प्रेममान शाक्य, श्री दशरथमुनि शाक्य, आदि हुनुहुन्थ्यो । शाक्यानन्द भन्तेबाट सदस्यहरूलाई सदस्यता प्रमाण-पत्र प्रदान गर्नु भई संक्षिप्त धर्मदेशना र पुण्यानुमोदन गर्नुभएको सो समारोहको स्वागत भाषण कोषाध्यक्ष श्री विरेन्द्र काजी शाक्यले गर्नुभयो भने कार्यक्रम संचालन सचिव श्री मदनलाल बज्राचार्यले गर्नु-भएको समाचार छ ।

## सप्तरीमा बुद्धपूर्णिमा महोत्सव

२०५३ वैशाख २१ गते—सप्तरीको मटिगढा प्रसवनी स्थित बुद्ध स्तूपको अगाडि २५४० औं बुद्ध-पूर्णिमा भव्यरूपमा मनाइएको समाचार प्राप्त भएको छ ।

प्राप्त समाचार अनुसार सप्तरी मटिगढा प्रसवनीको बुद्ध स्तूप र मटिगढा हुटिना बजारको परिक्रमा गर्दै थारू युवा बौद्ध समूह सप्तरीका अध्यक्ष श्री महेश कुमार चौधरी थारूको नेतृत्वमा शान्तिपद यात्रा कार्यक्रम सम्पन्न भएको थियो । सो शान्तिपद यात्रामा थुप्रै महिला, पुरुष तथा बालबालिकाहरू सम्मिलित थिए । शान्तिपद यात्रा पछि बुद्ध-पूजा गरिएको सो अवसरमा अध्यक्ष श्री थारूले क्षीर दान, श्री दिनानाथ प्रसाद सिंहले फलफूल दान र थारू भाषा साहित्य परिषद् नेपालका उपाध्यक्ष तथा थारू युवा बौद्ध समूह सप्तरीका सल्लाहकार सदस्य श्री सर्वस्वलाल चौधरी थारूले धूप-पूजा दान गर्नुभएको थियो । थारू भाषा साहित्य परिषद् नेपालका सचिव तथा थारू युवा बौद्ध समूह सप्तरीका सल्लाहकार श्री जानकीवल्लभ शरण थारूले सो कार्यक्रम संचालन गर्नुभएको थियो ।

बुद्ध जयन्तीको उपलक्षमा बुद्ध शिक्षा सम्बन्धि धार्मिक प्रवचन पनि समावेश भएको सो समारोहमा श्री दुर्गानन्द प्रसाद सिंह थारू, श्री सर्वस्वलाल चौधरी थारू र श्री महेश कुमार चौधरी थारूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । मन्तव्यको क्रममा चतु आर्यसत्य र आर्यअष्टाङ्गिक मार्गको विषयमा पनि विश्लेषण गर्दै —"म मोक्षदाता होइन, म त मार्ग प्रदर्शक मात्र हुँ" भन्ने जस्ता बुद्धका वचनहरू थारू भाषामा रूपान्तर गर्दै सम्झाइएको थियो ।

सोही अवसरमा अध्यक्ष श्री महेश कुमार चौधरी थारूले आफ्नो छोरा शुभरत्न चौधरी थारूको मुण्डन (मथमुरंन) पनि गराउनु भएको थियो । वहाँले थारू समाजमा विद्यमान रूपमा रहेको मुण्डनको कार्यक्रममा बोका, पाठी, खसी आदि काटी भोज खाने चलनलाई हटाउन बुद्ध स्तूपमा मुण्डन गराउनु भएको कुरा बुझिएको छ । त्यसैले उहाँले भन्नुभयो—"बुद्ध शासनमा हरेक व्यक्तिले एक पटक प्रव्रज्या हुनैपर्छ र यो मुण्डन कार्यक्रम पनि प्रव्रज्याकै एक रूप हो ।

थारू भाषा साहित्य परिषद् नेपालका अध्यक्ष तथा थारू युवा बौद्ध समूह सप्तरीका सल्लाहकार सदस्य श्री सत्रुघ्न प्रसाद चौधरी थारूले बुद्धपूर्णिमाको शुभ अवसरमा थारू युवा बौद्ध समूहका अध्यक्षलाई बुद्ध धर्म प्रचार प्रसार सम्बन्धि दिनुभएको निर्देशनलाई लिखित रूपमा रजिष्टरमा राखिएको थियो र सो निर्देशनलाई अध्यक्ष श्री थारूले शिरोधार्य गर्दै बुद्ध धर्म प्रचार प्रसार-को लागि नेपाल अधिराज्यभरिकै लागि आफू संकल्पित हुने वचन दिनुभएको समाचार छ ।

बुद्धपूर्णिमा महोत्सवको दोश्रो दिनको कार्यक्रम सप्तरीको देवधार बजार स्थित बुद्धस्तम्भ अगाडि थारू भाषा साहित्य परिषद् नेपालका अध्यक्ष तथा उपाध्यक्षले



Downloaded from http://www.dhamma.digital

फलफूलहरू अर्पण गरी बुद्धपूर्णिमा महोत्सव मनाइएको समाचार छ ।

बुद्धपूर्णिमा महोत्सवको तेस्रो दिन थारू विद्यार्थी एकता केन्द्रका इकाई समितिको आयोजनामा सिरहा क्याम्पस नजिकै बालमन्दिर कक्षमा २५४० औं बुद्ध-पूर्णिमा भव्यरूपमा मनाइएको समाचार छ । उक्त दिन सो कार्यक्रमको प्रमुख अतिथि थारू युवा बौद्ध समूह सप्तरीका अध्यक्ष श्री महेश कुमार चौधरी थारूले पानसमा बत्ती बाली कार्यक्रम शुभारम्भ गर्नुभएको थियो भने उहाँले नै अर्थ सहितको त्रिरत्न वन्दना र शील प्रार्थना पनि गराउनु भएको थियो ।

अन्तमा श्री थारूले बुद्धका पाली भाषाका वचन-हरूलाई थारू भाषामा अनुवाद गरेर सम्झाउनु भएको थियो । साथै उहाँले भन्नुभयो—"हिन्दू संस्कृतिबाट प्रभावित थारू समाजमा हिन्दू संस्कारमा आधारित सत्यनारायण भगवानको पूजा बाहुनको हातबाट गराइन्छ, विवाहमा पनि बाहुन आएरै मण्डप बाहिर सिन्दुर दान गराउँछ र श्राद्ध क्रियाकर्ममा पनि बाहुन आएर नै गाईको गोठमा बसेर कर्म गराइन्छ । थारू समाजले हिन्दू संस्कार नत्यागेसम्म र बौद्ध संस्कार न अपनाएसम्म उनीहरू अन्धविश्वास र रूढीवादी परम्परा-मा नै जकडी रहनेछ । भगवान् बुद्धले प्रतिपादन गर्नु-भएको शिक्षामा आफ्नो ध्यान दिनु आवश्यक भएको कुरा उल्लेख गर्नुहुँदै उहाँले फेरि भन्नुभयो — हामी परम्परावादी होइन यथार्थवादी बनौं र सत्यवादी होऔं ।

वक्ताको क्रममा सिरहा क्याम्पसका लेखा अधिकृत श्री अधिकलाल चौधरी थारू, लहान क्याम्पसका छात्र नगेन्द्र प्रसाद चौधरी थारू, अरुण कुमार चौधरी थारू, अ. ने. रा. स्व. वि. यु. का छात्र भेषराज ठकुरी, क्याम्पसकै विद्यार्थी मदनमणि पोखरेल र बीरबहादुर सुनुवारले पनि आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको बीचमा क्याम्पसकै छात्र श्री राज-कुमार चौधरी थारूले विभूतिहरूको सम्झनामा एउटा गीत गाएर सुनाउनु भयो ।

सभाको अन्तमा सभाका सभापति श्री किशोर कुमार चौधरी थारूले आफ्नो मन्तव्य समेत प्रकट गर्दै सभा विसर्जन गर्नुभएको थियो । थारू युवा बौद्ध समूह सप्तरीका अध्यक्ष श्री महेश कुमार चौधरी थारूले संघाराम भिक्षु तालिम केन्द्रको युवा बौद्ध समूह काठमाडौंका साथीहरूबाट प्राप्त भएका पुस्तकहरू "बौद्ध संस्कार पद्धति" पनि वितरण गर्नुभएको समाचार प्राप्त भएको छ ।

## संखुवा सभा चैनपुरमा बुद्धपूर्णिमा समारोह

२५४० औं बुद्धपूर्णिमा समारोह समिति चैनपुरका अध्यक्ष श्री सुधन शाक्यको अध्यक्षतामा साप्ताहिक कार्यक्रम राखी बुद्धपूर्णिमा महोत्सव मनाइएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार, बोधिसत्व विहारमा दैनिक बिहान ७ बजे देखि बुद्ध–पूजा, शील प्रार्थना र धर्मदेशना गरी विभिन्न खेलकूद र साहित्य तथा संगीत गोष्ठी, बौद्ध हाजिरी जवाफ प्रतियोगिता कार्यक्रमहरू पनि समावेश गरिएको थियो ।

उक्त कार्यक्रमहरूमा भाग लिई प्रथम, द्वितीय र तृतीय हुनेहरूलाई पुरस्कार वितरण गरिएको थियो भने बुद्ध मूर्ति सजावट कार्यक्रममा उत्कृष्ट सजावटलाई पनि पुरस्कृत गरिएको थियो ।

काठमाडौंबाट पाल्नु भएका भिक्षु मंगलबाट केही इच्छुक उपासक उपासिकाहरूको घरमा बौद्ध पद्धति अनुसार परित्राण पाठ पनि गर्नुभएको थियो । सो



Downloaded from http://www.dhamma.digital

अवसरमा उपासक श्री चन्द्रज्योति शाक्यको पनि उपस्थिती थियो ।

## धर्मोदय सभा तदर्थ समिति गठन

गोरखा, २०५३ जेठ १९ गते – बुद्ध धर्म सेवा समिति पोखरीथोक गोरखाको आयोजनामा भव्यरूपमा दिवा भोज कार्यक्रम सम्पन्न गरी धर्मोदय सभा तदर्थ समितिको नयाँ कार्यकारिणी समिति यसरी गठन गरिएको समाचार छ ।

अध्यक्ष– श्री मोहनरत्न शाक्य, उपाध्यक्ष– श्री टेकबहादुर गुरुङ्ग, सचिव– श्री मनोज थापा मगर, सह–सचिव– श्री कृष्ण योगी, कोषाध्यक्ष– सुश्री सीमा शाक्य र सदस्यहरू– श्री खड्क दलाई राई, श्री तीर्थराज गुरुङ्ग, सुश्री रसु गुरुङ्ग, श्री मनबहादुर गुरुङ्ग आदि ।

## धार्मिक यात्रामा बुद्ध धर्मको उपदेश र बौद्ध मूर्तिहरू दर्शन

बराह क्षेत्र सुनसरी – वैष्णव परिषद् पूर्वाञ्चल क्षेत्रीय समिति बराह क्षेत्र सुनसरीको धार्मिक यात्रामा भाग लिई सुनसरी जिल्लाको सर्वोच्च शिखर स्थित भवानी स्थानको नव निर्मित मन्दिरको समुद्घाटन समारोहमा बोलनुहुँदै भिक्षु विशुद्धानन्दले भन्नुभयो— भगवान् बुद्धले धर्मउपदेश गर्नुहुदा भिक्षुहरूलाई भन्नुहुन्थ्यो—"हे भिक्षु हो ! जहाँ शरण लिंदा आफ्नो पूर्ण सुरक्षा हुन्छ । कुनै डर (भय) हुँदैन, त्यो उत्तम शरण हो ।" त्यसरी नै देवी मन्दिर भवानी स्थानमा शरण पर्ने भक्तहरू वा कुनै पनि प्राणीहरू सुरक्षित रहुन्, काटमार र हिंसा नहोस् । किनभने मानिस र पशुमा उही प्राण हुन्छ । मानिसको शरणमा आफूलाई सुरक्षित ठानी बसेको पशुलाई देवीको मन्दिरमा बलिदिनु ठूलो विश्वासघातको कार्य हुन जान्छ । योभन्दा ठूलो अपराध अर्को हुने छैन । वायु प्रदुषणबाट बच्न, पानीको श्रोतलाई नसुकाउन, प्राकृतिक रमणियतालाई बचाइराख्नको लागि धार्मिक स्थलहरूमा र पर्वत पहाडका शिखरहरूमा रूखहरू रोपौं । हरियाली बढाऔं । किनभने रूख नै हाम्रो जीवन हो ।

उक्त समारोहमा कवि मान बज्राचार्यले नव निर्मित मन्दिरको समुद्घाटन गर्नुभएको थियो । श्री चन्द्र सिजापतिबाट स्वागत भाषण गर्नुभएको थियो भने श्री नरेश रानाबाट शुभकामना व्यक्त गर्नुभएको थियो । त्यस्तै श्री लोकेन्द्रराज कोइरालाबाट आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । भिक्षु विशुद्धानन्दको ज्ञानामृतलाई ध्यानमा राखी कवि मान बज्राचार्यको प्रस्तावनामा बराह क्षेत्र गा. बि. स. सदस्य श्री ज्ञानबहादुर राईको अध्यक्षतामा देवीस्थान वरिपरि १६ बिगाहा एरिया भित्र जम्मा २७ जना समूह सहितको वन्य भूमि संरक्षण समिति गठन गरिएको थियो ।

सोही देवीस्थानको अगाडि १ वटा र त्रिशूली धारा मेलास्थलमा १ वटा गरी जम्मा २ वटा धर्मशाला निर्माण गर्ने गरी जम्मा ९ जवान समूह सहितको एक उपभोक्ता समिति पनि गठन गरिएको थियो ।

यी सामाजिक कार्यहरूको लागि श्रद्धालु व्यक्तिहरूले आ–आफ्नो गच्छे अनुसार जनश्रमदानको रूपमा चन्दा दिई जम्मा रू. ९२६।– संकलन गरिएको थियो ।

## बुद्धपूर्णिमा महोत्सव

बौद्धधाम भोजपुर—श्री विश्वशान्ति बौद्ध गुम्बा, भोजपुरको तत्वावधानमा तिन दिने कार्यक्रम राखी सदरमुकाम भोजपुरमा २५४० औं बुद्धपूर्णिमा महोत्सव भव्यताका साथ मनाइएको समाचार प्राप्त भएको छ ।



Downloaded from http://www.dhamma.digital

"आजको सन्दर्भमा बौद्ध धर्म" शिर्षकमा विचार गोष्ठीको आयोजना गरिएको सो कार्यक्रममा रामेश्वर थापागाईं, रमेश जोशी तथा अन्य वक्ताहरूले भगवान् बुद्धद्वारा प्रतिपादित पञ्चशीलको सिद्धान्त संयुक्त राष्ट्र संघको समेत कर्म क्षेत्र ? भएकोले आजको विश्वलाई शान्तिको के कति महत्त्व रहेछ त ! भन्ने विषयमा प्रष्ट भएको छ भन्नुहुँदै आ-आफ्नो विचार व्यक्त गर्नुभयो। अध्यक्षताको आसनबाट शेरबहादुर मोक्तानले बौद्ध दर्शन अनुसारको कार्य गर्न सकेमा मात्र विश्वलाई चाहिएको सुख, शान्ति र समृद्धि प्राप्त हुने कुरा उल्लेख गर्नुभयो।

बुद्धपूर्णिमा समारोहको उपलक्ष्यमा स्थानीय अस्पतालमा बिरामीहरूलाई फलफूल वितरण, कवि गोष्ठी र आमसभा आदि कार्यक्रमहरू पनि समावेश गरिएका थिए। आमसभामा भरत योञ्जन, श्याम तमोट, दुर्गाबहादुर धामी र लालबहादुर आलेले बुद्ध शिक्षा सम्बन्धमा प्रवचन गर्नुभएको थियो भने केशर बहादुर तामाङ्गले सबै महानुभावहरूलाई स्वागत गर्नुभएको थियो। सभाका अध्यक्ष श्री शेरबहादुर मोक्तानले देखावटी पूजामा होइन कर्म पूजामा विश्वास राख्नुपर्ने कुरा व्यक्त गर्नुभयो।

स्मरणीय छ, यसपटक भोजपुरका तल उल्लेखित स्थानहरूमा समेत स्थानीय बुद्ध धर्मावलम्बीहरू मिली बुद्धपूर्णिमा महोत्सव मनाइएको समाचार प्राप्त भएको छ।

### माने भञ्ज्याङ्ग

श्री भीमलाल तामाङ्गको संयोजकत्वमा माने भञ्ज्याङ्गमा चार गा. वि. स. का बौद्ध धर्मावलम्बीहरू भेला भई त्रीरत्नको शंख घोष गर्दै भगवान् बुद्धको शोभा रथ यात्रा पछि आमसभामा परिणत भएको उक्त सभामा बुद्धको शिक्षा मनन गर्नुपर्ने चर्चा गरिएको थियो।

### भामराङ

क्याप्तेन श्री हर्कबहादुर तामाङको संयोजकत्वमा पाँच गा. वि. स. का बौद्ध धर्मावलम्बीहरू भेला भई त्रिरत्नको संखघोष गर्दै भगवान् बुद्धको शोभा रथयात्रा भामराङ गाउँभरी घुमाई हिमालयन रिन्छेन छ्योलिङ्ग गुम्बाको हातामा रथ प्रवेश गरेपछि बौद्ध संस्कार अनुसार बुद्ध-पूजा गरिएको थियो।

यस्तै चम्पे, सानेडाँडा क्षेत्रहरूमा पनि भगवान् बुद्धको शोभा रथ यात्रा गरेको समाचार प्राप्त भएको छ। यी गाउँहरू भोजपुर सदर मुकामबाट एक डेढ दिनको पैदल यात्राको दूरिमा पर्ने कुरा पनि बुझिएको छ।

## श्री महाबोधि विहारको वार्षिक समारोह सु-सम्पन्न

तानसेन जेठ १९ गते—बौद्ध महिला समितिको बाह्रौं तथा बौद्ध युवा संघको आठौं वार्षिकोत्सव समारोह श्री महाबोधि विहार, लहरे पिपल, तानसेनमा संघनायक भिक्षु शाक्यानन्द महास्थविरको सभापतित्वमा सु-सम्पन्न भएको समाचार छ।

ज्ञानमाला भजन, बुद्ध-पूजा, शील प्रार्थना पश्चात् बौद्ध युवा संघका विनयराज बज्राचार्यले स्वागत भाषण गर्नुहुँदै संघको प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएपछि बौद्ध महिला समितिको सचिव सुमना शाक्यले समितिको वार्षिक आय-व्यय तथा प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। संघका सचिव जीवनमान बज्राचार्यद्वारा संचालन गर्नुभएको सो समारोहमा मन्तव्य व्यक्त गर्नु हुनेहरूमा श्री महाबोधि विहारका संस्थापक एवं लुम्बिनी विकास कोष समितिका नव मनोनित उपाध्यक्ष भिक्षु विमलानन्द महास्थविर, संघ समितिका सल्लाहकार एवं करुणा बौद्ध समूहका अध्यक्ष



Downloaded from http://www.dhamma.digital

छत्रराज शाक्य, ज्ञानमाला संघका अध्यक्ष देवेन्द्रमान शाक्य, ज्ञानमाला सभाका अध्यक्ष कृष्ण प्रसाद शाक्य, धर्मोदय सभा पाल्पाका सचिव चकोरमान शाक्य, का. वा. नगर प्रमुख दशरथमुनि शाक्य, चुडाकर्म संघ पाल्पाका अध्यक्ष प्रेममान शाक्य तथा बौद्ध महिला समिति तानसेनका अध्यक्ष श्रीमती पूर्णमाया महर्जन आदि हुनुहुन्थ्यो ।

उक्त समारोहमा बौद्ध युवा संघको आगामी २ वर्षका लागि नव निर्वाचित अध्यक्ष रविमान बज्राचार्य, उपाध्यक्ष सुवर्णमुनि शाक्य, सचिव जीवनमान बज्राचार्य, कोषाध्यक्ष दीपेन्द्रकाजी शाक्य, सह-सचिव बसन्तलाल बज्राचार्य तथा सदस्यहरू—गम्भिर शाक्य, नारायण बज्राचार्य, सुगत सुवाल, प्रज्वल शेखर बज्राचार्य, दीपेन्द्रराज बज्राचार्य, बिज्ञान श्रेष्ठ, सुनिल शाक्य तथा जन-सम्पर्क सुमन बज्राचार्यलाई सु. बि. को. स. का उपाध्यक्ष भिक्षु विमलानन्द महास्थविरले आ-आफ्नो पदको शपथ ग्रहण गराउनु भएको थियो । अन्तमा समितिका उपाध्यक्ष विमीदेवी बज्राचार्यबाट धन्यवाद ज्ञापन भएपछि सभापति भिक्षु शाक्यानन्द महास्थविरबाट धर्मदेशना गर्नुहुँदै समारोहको समापन गर्नुभयो ।

## बुद्धपूर्णिमा महोत्सव सम्पन्न

२०५३ बैशाख १५-२२ गते सम्म बुद्ध विहार धरान-८ को प्राङ्गणमा बुद्ध जयन्ती समारोह समिति, बौद्ध युवा साथी, बौद्ध संस्कार संघ, धर्मोदय सभा धरान शाखा र बुद्ध बिहार धरान-८ लगायत चार समूहको तत्वावधानमा बुद्ध जयन्ती २६२० अर्थात् २५४० औं बैशाख पूर्णिमा विभिन्न कार्यक्रमका साथ सप्ताहव्यापी रूपमा मनाइएको समाचार प्राप्त भएको छ ।

शान्तिपद यात्रा, बैशाख स्मृति रनिङ्ग शील्ड, हाजिरी जवाफ प्रतियोगिता, रक्तदान, निःशुल्क स्वास्थ्य शिविर, ज्ञानमाला भजन, कल्पवृक्ष दान र म्यूजिकल चियर प्रतियोगिता, स्थानिय अनाथ आश्रमका साना बालबालिकाहरूलाई भोजन दान आदि कार्यक्रमहरू समावेश भएको उक्त कार्यक्रममा बैशाख २१ गते भिक्षु मैत्रीबाट बौद्ध ध्वजोत्तोलन गर्नुभएको थियो । भगवान् बुद्धको जीवनी चित्रकला प्रदर्शनी उद्घाटन, अनगारिका मोलिनीबाट भएको थियो ।

रथयात्रा धरान नगर परिक्रमा पछि धर्म सभामा परिणत भएको उक्त समारोह श्रीमती बिष्णुदेवीको अध्यक्षतामा र श्री लोकबहादुर तामाङ्गज्यूको प्रमुख आतिथ्यमा सभा संपादन गरियो ।

यस साप्ताहिक कार्यक्रममा अनगारिका गुरुमाँहरू मोलिनी, धम्मविजया र सुमेधावतीज्यूहरूबाट प्रतित्य-समुत्पादको पालि भाषामा पाठ गर्नुभएको थियो । धर्म प्रवचनको शिलशिलामा भिक्षु मैत्रीज्यूबाट भन्नुभयो— "बुद्धले देखाउनु भएको शिक्षा सबै मानवले आफ्नो जीवनमा उतार्न सक्नुपर्छ ।" अनगारिका धम्मविजयाले बुद्धको जीवनी प्रकाश पार्नुभएको थियो भने अनगारिका सुमेधावतीले मानव मात्रले नभई सबै प्राणीको लागि बुद्ध शिक्षा अनुकरणीय छ भन्नुभयो ।

यसरी नै श्री रमण श्रेष्ठ, कैप्टन पदम्बाहा तामाङ्ग, मेजर के. बी. मोक्तान, भू. पू. डि. आई. जी. लोकबाहा तामाङ्ग आदिले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

श्री कृष्णप्रधानज्यूले स्वागत भाषण गर्नुभएको, शिवराज श्रेष्ठ र श्री किरण कार्कीज्यूले संचालन गर्नुभएको उक्त सभामा श्रीमती बिष्णुदेवी श्रेष्ठले सहभागी महानुभावहरू सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

## बौद्ध धर्म तथा बौद्ध दर्शनको अध्ययन प्रारम्भ

"बौद्ध धर्म तथा दर्शन अध्ययन"—यस विषयको अध्ययन, अध्यापन, अन्वेषण र प्रचार प्रसार गर्ने उद्देश्य राखी हाल श्री शाक्य सिंह विहार, थैना, ललितपुरमा डा. भिक्षु सुनन्दको अध्यक्षतामा शिक्षा सभाको गठन गरी भिक्षुहरूबाट बौद्ध इतिहास, बौद्ध चरिया, पालि भाषा र साहित्य, अंग्रेजी तथा समसामयिक विषयहरू समेटी बौद्ध कक्षा संचालन भइरहेको कुरा ज्ञात हुन आएको छ। इच्छुक भिक्षु, श्रामणेर, अनगारिका, विद्यार्थीवर्ग तथा सबै श्रद्धालु महानुभावहरूलाई अध्ययनार्थ सहभागिताको लागि नवगठित उक्त शिक्षा सभाले अनुरोध तथा अपील गरेको छ।

## युवक बौद्ध मण्डल

युवक बौद्ध मण्डल, नेपालको आयोजनामा संचालित शनिवारीय प्रवचन तथा अन्य गतिविधिहरू—

(क) शनिवारीय प्र. कार्यक्रम—२०५२ चैत्र १७ गते मोहनलक्ष्मी शाक्यबाट ध्यान भावना बारे प्रवचन र अशोकमान शाक्य, सानुभाई शाक्य र निर्मला शाक्यबाट मन्तव्य व्यक्त, २०५३ वैशाख १ गते भिक्षु विशुद्धानन्दबाट धर्मदेशना, वैशाख १५ गते सामूहिक छलफल, वैशाख २२ गते हेरारत्न शाक्यबाट भगवान् बुद्धको महान व्यक्तित्व बारे र वैशाख २९ गते चीनसँगको मैत्री सम्बन्धमा बुद्ध धर्मको देन विषयमा प्रवचन श्री तुल्सिलाल अमात्यबाट गर्नुभएको थियो।

(ख) स्वागत समारोह—यु. बौ. म. नेपालको आयोजनामा European Buddhist Union, Germany का उपाध्यक्ष श्री Heinz Roiger लाई 28 March '96 मा मण्डलको प्रांगनमा एक भव्य स्वागत समारोहको आयोजना।

(ग) ऐतिहासिक बौद्ध धार्मिक स्थल भ्रमण—यस मण्डलले प्रत्येक वर्ष आयोजना गर्दै आएको उक्त भ्रमण यसपालि नागार्जुन डाँडामा भएको थियो। भू. पू. अध्यक्ष मोनबहादुर शाक्यले उक्त डाँडाको धार्मिक एवं ऐतिहासिक महत्व बारे प्रवचन गर्नुभएको थियो भने उक्त भ्रमण कार्यक्रम सुरेन्द्र शाक्यको संयोजकत्वमा सम्पन्न भएको थियो।

(घ) तालिम सम्पन्न—यस मण्डलको प्राथमिक उपचार उप-समितिको आयोजनामा प्राथमिक उपचार तथा स्वास्थ्य तालिम २०५२ सुरेशराज बज्राचार्यको संयोजकत्वमा सम्पन्न भयो। उक्त तालिमको समापन समारोहमा प्रमुख अतिथि रेडक्रस सोसाईटी ललितपुर शाखाका सभापति अमिरमान जोशीबाट सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाण-पत्र प्रदान गर्नुभएको थियो भने मण्डलका अध्यक्ष सुचित्रमान शाक्यबाट उक्त तालिमका प्रशिक्षकवर्गहरूलाई प्रशंसा-पत्र प्रदान गर्नुभएको थियो।

उक्त प्रशिक्षण तालिममा नेपाल रेडक्रस सोसाईटीको तर्फबाट प्राथमिक उपचार सम्बन्धि, नेपाल क्षयरोग निवारण केन्द्रको तर्फबाट क्षयरोग सम्बन्धि, A. B. C. Nepal को तर्फबाट AIDS रोग सम्बन्धि, रक्तदान र रक्त संचार सम्बन्धि रक्त संचार सेवा केन्द्रको तर्फबाट र दाँत रोग सम्बन्धि डा. मिरा मल्लबाट प्रशिक्षण प्रदान गर्नुभएको थियो।

हाल मण्डलको भवनमा परम्परागत कला प्रशिक्षण तालिम २०५३ संचालन भइरहेको छ।

(ङ) विदेश भ्रमण—२०५३ वैशाख १३ गते मण्डलका अध्यक्ष श्री सुचित्रमान शाक्य र का. स. पूर्णमान शाक्य China Buddhist Association को निमन्त्रणामा चीन भ्रमण गर्नुभएको थियो।



Downloaded from http://www.dhamma.digital

उक्त श्रमण धर्मोदय सभाको नेतृत्वमा सो सभाका ५ जना पदाधिकारीहरूको पनि सहभागिता रहेको थियो ।

(च) प्रतियोगितामा सहभागी—२५४० औं बुद्ध जयन्तीको उपलक्ष्यमा आयोजित २४ औं ललितपुर नगरव्यापी अन्तर बौद्ध हाजिरी जवाफ प्रतियोगितामा मण्डलको तर्फबाट सानुभाई शाक्य, हेमराज बज्राचार्य र जय धाख्वाले भाग लिएका थिए ।

---

धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू—

क्र. सं. १९९
प्रफुल्ल कमल ताम्राकार
मरू
रू. १०११।–

क्र. सं. २००
अम्बर बहादुर स्थापित
घ–२–८३२ खिडल टोल
रू. १०११।–

क्र. सं. २०१
लक्ष्मीहेरा कंसाकार
ज्याठा
रू. १०००।–

क्र. सं. २०२
प्रज्ञारत्न शाक्य
गाहीटी, इबही, पाटन
रू. १०००।–

क्र. सं. २०३
भक्ति मां
धल्को वडा नं. १७
रू. १०००।–

क्र. सं. २०४
धर्मोदय सभा, स्याङ्गजा पंचमूल शाखा
शिरुवारी वडा नं. ४
रू. १०००।–

## बौद्ध जागरण प्रशिक्षण शिविर सम्पन्न

२५४० औं बुद्धपूर्णिमाया लसताय् वंगु २०५३ वैशाख १३, १४ व १५ गते स्वन्हुयंकं युवा बौद्ध पुचःया आयोजना व हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशनया प्रायोजनाय् निववगु बौद्ध जागरण प्रशिक्षण शिविर सम्पन्न जुल । पीम्ह् प्रशिक्षार्थीपिसं ब्यति कागु थुगु शिविरस झिम्ह प्रशिक्षकपिसं ववय् च्वयाक्यं थिः थिः झिनिगु बिषय्स कक्षा कागु खः ।

रत्नसुन्दर शाक्य – बुद्ध धर्म पुनरुत्थानया इतिहास
लोकदर्शन बज्राचार्य – अन्तर्राष्ट्रिय बुद्ध धर्म
देव रञ्जित – बुद्ध धर्म र पर्यावरण
भिक्षु धम्मशोभन – बुद्ध जीवनी
मिनबहादुर शाक्य – कर्म, बोधिचित्त
अमिता धाख्वा – थौंया परिवेशय् बुद्ध धर्म, बुद्ध धर्मय् नारिया देन
भिक्षु कौण्डन्य – बुद्ध, धर्म र संघवाद
हर्षमुनि शाक्य – बुद्ध धर्म र जनजाती
भक्तिदास श्रेष्ठ – विपश्यना एक परिचय
अनगारिका आनवती – गृही विनय

## बौद्ध कार्यक्रम

लुभू स्थित सुवर्ण छत्रपुर विहारय् बुद्ध–पूजा लिपा बाबुराम महजनया नायकत्वय् जूगु बौद्ध सभाय् भिक्षु चन्द्रगुप्तं साःगु नसा नयेगु तातुना भिक्षु जुइपिं प्रज्ञां परिपूर्ण जुइ मखु धका देशना याना बिज्याःगु समाचार दु ।

थ्वहे अवसरय् थेरबाद दायक केन्द्रिय परिषद्‌या नायो भाजु बखतबहादुर चित्रकारजुं पञ्चशीलया व्याख्या यासे न्ह्यिथं पञ्चशीलया आचरण याये माःगु खँ नं प्रकाश याना बीगु दु ।



Downloaded from http://www.dhamma.digital

परिषद्या सल्लाहकार भाजु लोकबहादुर शाक्यजुं बुद्ध, धर्म, संघया शरणे वनेगु यथार्थ खँ कना दिल धाःसा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया सह-सचिव भाजु शान्तमान शाक्यजुं बौद्ध धर्मय् जातपातया भेदभाव मदु धासे श्रुतमय प्रज्ञा, चिन्तनमय प्रज्ञा व भावनामय प्रज्ञाया चर्चा याना दिल । सभाय् पूर्णमान महर्जन, गोपाल महर्जन व विद्या नापितपिन्सं नं थःथःगु मन्तव्य व्यक्त याना दिगु समाचार दु ।

## बौद्ध सभा

ठिमी स्थित पाटी विहारय् आयोजना जूगु बौद्ध सभाय् बुद्ध-पूजा लिपा पञ्चशील प्रार्थना याका बिज्याःम्ह भिक्षु बरसम्बोधि संसारय् उत्पत्ति जुयाव फुक्क नाशवान जुगुलि अनित्य भावना थ्वीकेमाःगु खँ न्ह्यथना बिज्याःगु समाचार प्राप्त जूगु दु ।

थेरवाद बौद्ध केन्द्रिय दायक परिषद्या नायो भाजु बखतबहादुर चित्रकारजुं अकुशल कर्मपाखें बचे जुइगु व पञ्चशील पालन याना पवित्र ज्वी माःगु खँ व्यक्त याना दिल ।

भाजु कृष्ण कुमार प्रजापति पाटी विहार स्वनेगु ज्याय् बौद्ध ऋषी महाप्रज्ञाया योगदान न्ह्यथंसे बुद्ध-पूजा जक याना: मगाः बुद्ध शिक्षा थ्वीकूथें आचरणय् नं छ्यले माःगु खँ प्रकाश याना दिसे कपिन्त नुगलेस्याकेगु नं हिंसा हे खः धयादिल । भाजु गोपाल प्रजापति सुभाय् देछाःगु उगु कार्यक्रमय् भाजु काजिलालं उद्घोषण याना सभा संचालन याःगु खः ।

## अनुसन्धान प्रशिक्षण सम्पन्न

यल, जेठ २० गते—लोटस् रिसर्च सेन्टरपाखें युवातयत अनुसन्धान विधिबारे तालिम बिया बुद्ध धर्म संस्कृति व कला विषये अध्ययन अनुसन्धान याकेगु उद्देश्यं २०५३ वैशाख २७ गतेनिसें जेठ १५ गते तक ज्वँसाः ज्वःगु प्रशिक्षण छगू समारोहया दथ्वी क्वचाःगु समाचार प्राप्त जूगु दु । सेन्टरया अध्यक्ष डा. बज्रराज शाक्यया सभापतित्वय् संचालन जूगु उगु समारोहय् लिपि विशेषज्ञ पं. हेमराज शाक्यजुं प्रशिक्षार्थीपिन्त प्रमाण-पत्र लः ल्हाना दीगु खँ नं समाचारय् उल्लेख जूगु दु ।

## महासमय सूत्र पाठ सम्पन्न

२०५३ जेठ १९ गते शनिबार—ज्यापुन्ही खुनु विश्व मैत्री विहार मंगल बजारे महासमय सूत्र-पाठ सुसम्पन्न जूगु समाचार दु । उगु कार्यक्रमय् भिक्षु सुमेधपाखें पञ्चशील प्रार्थना याका बिज्यासे बुद्धया महान त्यागया बारे धर्मदेशना याना बिज्यात । हेराकाजी सुजिका व जितलाल प्रमुख उपासक उपासिकापि मुनाः ज्ञानमाला हाला बिज्याःगु उगु कार्यक्रमय् सुमंगल विहारया हेराशोभा व इन्द्रशोभां भगवान् बुद्धपाखें महासमय सूत्र देशना याना बिज्याःगु कारणयात प्रष्ट याना बिज्यात । अथे हे श्री आशाराम शाक्यजुं थुगु विहार स्थापना बारे ज्वयाना बिज्यासे धन्यवाद देछाना दिल । थुगु कार्यक्रम श्री पवित्र बहादुरजुं संचालन यानादीगु खः ।

## न्ह्यसः लिसः कासाया सिरपा

२५४० औं बुद्धपूर्णिमाया लसताय् जूगु नीन्याक्वगु रनिङ्ग शिल्डया ल्याखं नीप्याक्वगु अन्तर पुस्तकालय वलबया दथुइ जूगु न्ह्यसः लिसः कासाया बिजंकासा २०५३ वैशाख ३० गते आइतबार खुनु सम्पन्न जूगु जुल । उगु बिजंकासाय् १४ अंक कयाः युवा पुस्तकालय न्हाप जूगु जुल । ११ अंक कयाः आलोक पुस्तकालय ल्यू जूगु जुल । शाक्यसिंह विहार, महाबौद्ध पुस्तकालय व जनमैत्री बाचनालय स्वंगू पुचःया नं १०।१० अंक जूगु जुया स्वंगू पुचःया दथ्वी न्ह्यसः थयेयागु जुल । उकीं

Downloaded from http://www.dhamma.digital

शाक्यसिंह विहारं न्हापां अंक कया लियाल्यू, थयां लिपा महाबौद्ध पुस्तकालय लियां लियाल्यू व जनमैत्री बाचनालय पाखें जूगु खुल ।

सिरपा ब्यूपिं दातापिं—

रामरत्न सिरपा – भाजु विष्णु शाक्य, नागबहा

नगद सिरपा – भाजु जितबहादुर बज्राचार्य, वनबहा

मोन्यादं तक्क अर्थात् गुरु जुलींनिसें अटूट रूपं न्ह्यसः लिसः कासायात सुथांलाक्क न्ह्याकेत अतिकं कुतः याना बिज्याःम्ह हिराकाजी सुजिकायात सम्मानार्थ—

बोसल्ला – न्ह्यसः लिसः कासा मू गुठी, नागबहा

नगद पुरस्कार – बिन्नी बज्राचार्य, गाबहाल

टिसर्ट व बेदकभर – नेमवीर शाक्य, नबहा ।

## चिलंमय् ज्ञानमाला बहापूजा (स्वकःगु) उलेज्या

चिलं, ब्याःपुन्ही —ज्ञानमाला भजनया खसालय् चिलंमय् (चितलाङ्ग) ज्ञानमाला बहापूजा (स्वकःगु) बयन्यादं दुम्ह् चन्द्रमान बलामीया ल्हाःतिं अशोक चैत्य बिहारय् तःजिक उलेज्या जूगु समाचार प्राप्त जूगु दु ।

समाचारय् थयातःगु कथं, मा. सां. भाजु हिरण्य लाल श्रेष्ठजुं बुद्ध छ्वांय् च्वय्कादीगु उगु समारोहय् भिक्षु भद्दिय विनयाचार्यं शील प्रार्थना याका बिज्यासे धर्मदेशना याना बिज्याःगु खः ।

मा. सां. हिरण्य लाल श्रेष्ठजुं चिलंया माखुं बजारय् लुयावःगु लिच्छवीकालिन प्यंगः चैत्ययात स्थानीय मनूतय्सं महाद्यःया रुपय (ध्याम्पो) धका पूजा यावा च्वंगु खँ न्ह्यथना दिल । वय्कलं चिलंया बौद्ध समाज व संस्कृति ल्यंकातय्गु लागी बौद्ध पुस्तकालय छगू चाकनं चाय्का बीगु खँ नं न्ह्यथना दिल ।

ज्ञा. भ. ख. या नायो भाजु शान्तरत्न शाक्यं ब्यावःम्ह् चन्द्रमान नेवा व सां. हिरण्य लाल श्रेष्ठजुयात ख्वालाःगा क्वछाय्का ज्ञानमाला सफू, ज्ञानमाला भजनया नि स्वयम्भू प्रतिरूप देछाना दिल ।

बहापूजाय् च्वति काःकाःपिं मनूतय्पाखें म्हू मोस्वनीगु बौद्ध पुस्तकालययात रु. २,३५९।– चिलं बज्रबाराही जन-अस्पतालयात रु. ४,९७०।– व चिलंमय् ज्ञानमाला भजन नीस्वनेत गुहालीकथं ई. मोहनकृष्ण डंगोलजुं ग्याद्वः दां (रु. ५०००।–) हाप्पं बिया गुहाली यानादीगु समाचार दु ।

## अनगारिका (भिक्षुणी) संघयात ग्वाहाली

आर्थिक समस्या दुपिं अनगारिकापिं बिरामी ज्वीबले स्वास्थ्य उपचार याय्या लागी भिक्षु सुनन्दपाखें उक्त संघयात रु. ५०,०००।– (पचास हजार) दान–प्रदान याना बिज्याःगु दु । उक्त रकम बैंकय् तया उकें प्राप्त जूगु ब्याजं आर्थिक समस्या दुपिं अनगारिकापिं म्हं मफइबले ग्वाहाली याइगु जूगु दु ।

अनगारिका संघपाखें, थुकथं अनगारिकापिनिगु लागी अनुकम्पापूर्वक ग्वाहाली याना बिज्याःम्ह भन्तेयात हार्दिक कृतज्ञता छ्वछाःगु दु ।

## शोक श्रद्धाञ्जली

थेरवाद बौद्ध दायक केन्द्रिय परिषद्या सल्लाहकार भाजु हर्षमुनि शाक्यजुया अबुजु महामुनि शाक्य २०५३ साल जेठ ३० गते खुनु ८५ दंया बैंशय् दिवंगत जुया बिज्याःगुलिं वसपोलया पुण्य–स्मृतिस २०५३ असार ६ गते थेरवाद बौद्ध दायक केन्द्रिय परिषद्या आयोजनाय् छगू मिनेट मौन धारणा याना शोक श्रद्धाञ्जली व्यक्त याःगु समाचार प्राप्त जूगु दु ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्तीको उपलक्ष्यमा प्रवचन गोष्ठी

२०५३ श्रावण ५ गते—धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्तीको शुभ उपलक्ष्यमा "बुद्ध धर्मका विभिन्न यानमा भएका समानताहरू" विषयक प्रवचन गोष्ठी धर्मकीर्ति विहारमा सम्पन्न भएको छ ।

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य—

क्र. सं. २०५

पुष्परत्न तुलाधर

कमलाक्षी

रू. १०५१।–

मुद्रक – नेपाल प्रेस, नुक्रथ, काठमाडौं, नेपाल । फोन – २२ १० ३२, २२५ ४५०

Downloaded from http://www.dhamma.digital